# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

मानव विकास गर्भबाट शुरु भएर मृत्यु पर्यन्त चलिरहन्छ । विकासात्मक मनोवैज्ञानिकहरूले मानव विकासलाई जन्म पूर्व र जन्म पश्चात दुई भागमा बाँडेका छन् । मनोवैज्ञानिकहरूले २ वर्षदेखि ५ वर्षसम्मको अवधिलाई प्रारम्भिक बाल्यावस्था नामाकरण गरेका छन् । यस उमेरका बालवालिकाहरू ज्यादै चकचके र जिज्ञासु स्वभावका हुन्छन् । सामाजिकीकरणको सँगसँगै क्रियात्मक एवम् संज्ञानात्मक विकासको दृष्टिकोणबाट पनि यस समयावधिलाई महत्त्वपूर्ण उमेरका रूपमा लिइन्छ । बाबु आमाको अनुसार यो उमेर दुःखपूर्ण र खेलौनाको उमेर, शिक्षाविदहरूका अनुसार पूर्व विद्यालय उमेर र मनोवैज्ञानिकहरूका अनुसार पूर्व बाल समूहको उमेर भनी नामाकरण गरेको पाइन्छ ।

मानिसको ५०% वौद्धिक विकास जन्मदेखि ५ वर्षको उमेर सम्ममा भइसक्ने विभिन्न अनुसन्धानले देखाएको छ । प्रारम्भिक बाल्यावस्था वास्तविक आधारशिलाको उमेर भएकोले यस अवस्थामा भएको विकासले पछिको विकासमा प्रत्यक्ष असर पुऱ्याउँछ । त्यसैले बालवालिकाको अन्तर्निहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर प्रवाहित गरी उनीहरूको स्वास्थ्य तथा सुरक्षासँग सम्बन्धित तथा अन्य जीवनोपयोगी एवम् स्वावलम्वी सिपहरू हासिल गराउन अभिभावक, शिक्षक र स्याहार सुसार गर्ने व्यक्तिहरूको कर्तव्य हुन आउँछ (रेग्मी, २०६१) ।

प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले प्राथमिक कक्षामा भर्ना हुनका लागि निर्धारित पाँच वर्ष उमेर पूरा भई नसकेका बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक र वौद्धिक विकास लगायत सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने कार्यक्रम भन्ने सम्झनु पर्दछ (प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी निर्देशिका २०६१) ।

बालबालिकाको सामाजिक परिवेश अनुरूप विविध शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिकाइ क्रियाकलाप सञ्चालन गर्नु नै प्रारम्भिक बालविकासको प्रमुख लक्ष्य हो । प्रारम्भिक बालविकास कार्यक्रमको मुख्य कार्य बालवालिकालाई आफूप्रतिको आत्मविश्वास जगाउन, परिवर्तित समाज र अन्य व्यक्तिप्रति सकारात्मक सोच विकास गर्न, चुनौती, वाधा र सफलतामा संवेगात्मक सन्तुलत कायम गर्न मद्दत पुऱ्याउनुका साथै सामाजिक र व्यवहारिक मूल्य मान्यताको आधारमा व्यवहारिक

सिकाइ सीप प्रदान गरी उनीहरूमा राष्ट्रियता, संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशीला खडा गर्नु हो ।

बालबालिकाहरूले अहिले सिकेको कुरा नै भविष्यको सिकाइको जग हुने भएकाले यस तहमा बालबालिकाहरूलाई सिक्नका लागि सिक्ने अभिप्रायले मनोरञ्जनात्मक तरिकाले सिकाउनु पर्दछ । बाल विकास कार्यक्रमले खेल र वातावरणबाट प्राप्त अनुभवको माध्यमबाट बालबालिकाहरूमा अन्तर्निहित क्षमताको अभिवृद्धि गराई उनीहरूलाई भविष्यमा असल जीवन यापन गर्न सक्षम तुल्याउनु पर्दछ । यसका लागि प्रारम्भिक बाल विकास पाठ्यक्रमले निर्दिष्ट गरेका शैक्षिक लक्ष्यहरूमा बालबालिकाहरूलाई आफ्नो परिवेशमा उपलब्ध अनुभवहरूमा सकारात्मक दृष्टि राखी मानसिक विकास गर्न तथा स्वस्थ्य रहन मदत गर्ने, सहयोगी, स्वावलम्बी (आफ्नो काम आफैं गर्ने), स्वतन्त्र, इमान्दार र समाजमा मिलेर रहन प्रेरित गर्ने, नैतिक, सामाजिक र शारीरिक विकासमा टेवा दिन, सामाजिक, प्राकृतिक र धार्मिक वातावरणप्रति सकारात्मक भावनाको विकासमा सहयोग गर्न, सिर्जनात्मक प्रतिभा प्रष्फुटन गर्न विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन, भाषिक सचेतना गर्न र दैनिक क्रियाकलापहरूमा उपयुक्त भाषा प्रयोग गर्नका लागि सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपप्रति अभिरुचि जगाउन, प्राथमिक तहको शिक्षाका लागि तयारी गर्ने क्रममा सिकाइमा अभिरुचि बढाउन भाषा, साहित्य, गणित, विज्ञान र कलाप्रति सकारात्मक सोच विकास गरी ती विषयहरूको प्रारम्भिक अवधारणाको जग बसाल्न उल्लेख गरिएको छ (प्रारम्भिक बालविकास दिग्दर्शन, २०६२) ।

नेपालमा पूर्व प्राथमिक तथा प्रारम्भिक बाल शिक्षा सम्बन्धी औपचारिक प्रयासको थालनी सरकारी स्तरबाट वि.सं. २००७ मा काठमाण्डौमा मण्टेश्वरी विद्यालयको स्थापनाबाट भएको पाइन्छ । यसका लागि चाहिने आवश्यक शिक्षकहरूले शुरुमा भारतबाट तालिम प्राप्त गरेका थिए । वि.सं. २०२० सालमा उक्त मण्टेश्वरी विद्यालय तत्कालीन ल्याबोरेटरी स्कूलमा गाभिएको थियो । वि.सं. २०२२ सालदेखि बालमन्दिरको व्यवस्था भई शिशु शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुन थालेका थिए (ढकाल, २०६३) ।

नेपाल अधिराज्यको संविधान (२०४७) ले बालबालिकाको अधिकार सम्बन्धी स्पष्ट व्यवस्था गरेको पाइन्छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (सन् १९९९-२००२) ले बालविकास कार्यक्रमको परिकल्पना गरी गैर सरकारी संस्थाहरुको माध्यमबाट बालविकास कार्यक्रम सञ्चालनको शुरुवात गरेको थियो । सन् १९९९ मा नै शिक्षा

विभागमा बालविकास शाखाको स्थापना भई दोस्रो चरणको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएपछि देशका ४२ जिल्लाहरुमा समुदायमा आधारित बालविकास कार्यक्रम सञ्चालन भई २०५४ सालसम्ममा मुलुकभर ५७०० बालविकास केन्द्रहरु खोल्ने लक्ष्य राखेको पाइन्छ। सन् २००५ मा शिक्षा तथा खेलकुद मन्त्रलायको अध्यक्षतामा स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, संयुक्त राष्ट्रसंघ अन्तरगतका संस्थाहरु तथा गैर सरकारी संस्थाहरु समेतको सहभागितामा राष्ट्रिय प्रारम्भिक बालविकास परिषदको स्थापना भएपछि राष्ट्रिय तथा स्थानीय स्तरमा बालविकासका लागि सञ्चालित कार्यक्रमहरुको संयोजन तथा व्यवस्थापन सहज बनेको पाइन्छ। जिल्ला स्तरमा जिल्ला विकास समितिको अध्यक्षतामा जिल्ला बालविबास बोर्डको समेत गठन गर्ने व्यवस्था गरिएको पाइन्छ। समुदायमा आधारित बालविकास कार्यक्रमका साथसाथै सामुदायिक एवं संस्थागत विद्यालयहरुमा समेत पूर्व प्राथमिक कक्षाका रुपमा बालविकास कार्यक्रमको सञ्चालन भएको पाइन्छ।

पछिल्लो तथ्याङ्क अनुसार हाल नेपालमा ३३४०४ बालविकास/पूर्व प्राथमिक कक्षाहरु सञ्चालनमा रहेको पाइन्छ जसमध्ये २८७७३ वटा समुदाय स्तरमा र बाँकी ४६३१ वटा सामुदायिक एवं संस्थागत विद्यालयहरुमा सञ्चालनमा रहेको पाइन्छ (फ्ल्यास रिपोर्ट, २०७०)।

नेपालमा गठित शिक्षा सम्बन्धी विभिन्न समिति तथा आयोगले पूर्व प्राथमिक तथा प्रारम्भिक बालशिक्षालाई परिभाषित गर्दै सञ्चालनको लागि सुझाव प्रस्तुत गर्दै आएका छन्। राष्ट्रिय शिक्षा योजना आयोग (२०११), सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले यस सम्बन्धमा सिफारिश गरेका थिए। शिक्षा ऐन २०२८ ले पूर्व प्राथमिक शिक्षा भन्नाले प्राथमिक शिक्षाभन्दा पूर्व चार वर्ष उमेर पुगेका बालवालिकालाई एक वर्ष दिने शिक्षा सम्झनु पर्दछ भनी परिभाषित गरेको छ (शिक्षा ऐन, २०२८)।

शिक्षा पाउनु प्रत्येक बालवालिकाको नैसर्गिक अधिकार हो। संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र सन १९४८ मा शिक्षा पाउनु हरेक व्यक्तिको मानव अधिकार भनिएको छ। यसै गरी सन १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाले बालवालिका महासन्धि १९८९ पारित गऱ्यो जसले शिक्षा पाउनु बालकको जन्मसिद्ध अधिकार मानेको छ। सन २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सवैका लागि शिक्षाका लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिवद्ध छ। यो लक्ष्य

प्राप्तिका लागि आगामी १५ वर्षका निम्ति शैक्षिक विकासलाई मार्गदर्शन गर्न नेपाल सरकारले सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सन २००१ - २०१५ र सवैका लागि शिक्षा २००४ - २००९ कार्यक्रम मार्फत सघन प्रारम्भिक बाल स्याहार तथा शिक्षाको विस्तारमा जोड दिएको छ (सबैका लागि शिक्षा, सहयोगी पुस्तिका, २०६३) ।

प्रारम्भिक बाल्यावस्था भनेको मानव वृद्धि र विकासको प्रारम्भिक अवस्था भएकाले मानव जीवनकै महत्त्वपूर्ण अवस्था मानिन्छ । प्रारम्भिक बाल्यावस्थाको विकास भन्नाले बालबालिकाको शारीरिक विकास, मानसिक विकास र संवेगात्मक विकासको एकीकृत रूप सम्झनुपर्दछ । यस अवस्थाका बालबालिकाको एकीकृत विकासमा अभिभावक, सहयोगी कार्यकर्ता, स्याहार सुसार गर्ने व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले आ-आफ्नो भूमिका उपयुक्त ढंगले निर्वाह गर्नुपर्दछ । बालबालिकाहरूको चौतर्फी विकासको लागि शिशुकेन्द्रहरूमा आवश्यक भौतिक व्यवस्थापन अन्तर्गत भवन, फर्निचर, कक्षाकोठा व्यवस्थापनको नमुना, खेल्ने चौर, वगैंचाको उचित व्यवस्थापन हुनुपर्दछ । प्राकृतिक वातावरणमा बालकेन्द्रित क्रियाकलाप, समस्या समाधान विधि र खेल विधिबाट बालबालिकाको चौतर्फी विकासमा सहयोग पुऱ्याउन सकिन्छ (मल्ल र साथीहरू, २०५४) ।

शिक्षा ऐन २०२८ आठौं संशोधन र शिक्षा नियमावली २०५९ मा प्रारम्भिक बालशिक्षाको व्यवस्था गरिएको पाइन्छ । नियमावलीको नियम ३ को (२) मा पूर्व प्राथमिक विद्यालय खोल्न चाहनेले अनुमतिका लागि शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तिमा २ महिना अगावै अनुसूची - २ वमोजिमको ढाँचामा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका समक्ष निवेदन दिनुपर्ने प्रावधान छ । यस ऐनका उपदफाहरूमा प्राप्त निवेदनहरू जाँचबुझ गर्दा विद्यालयले नियम ६ वमोजिमको शर्त पूरा गरेको देखिएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले त्यस्तो विद्यालयलाई स्वीकृति प्रदान गर्नेछ । यस ऐन तथा नियमावलीको दफा ६८ मा शिशु विकास केन्द्र स्थापना गर्न चाहिने पूर्वाधारहरूमा फराकिलो, खुला, शान्त, सुरक्षित भवन भएको हुनुपर्ने, भवन बाहेक आधा रोपनी वा एक कट्ठा जग्गा भएको हुनुपर्ने, बाल उद्यानको व्यवस्था भएको हुनुपर्ने, सफा र स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको हुनुपर्ने, कम्तिमा २ जना सुसारेहरू भएको हुनुपर्ने उल्लेख छ । दफा ६९ मा शिशु विकास केन्द्रले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्ने प्रावधान उल्लेख गरिएको छ (शिक्षा ऐन, २०२८ आठौं संशोधन र शिक्षा नियमावली, २०५९) ।

शिक्षा नियमावली २०५९ को नियम १९२ खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालयले जारी गरेको प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६१ को प्रस्तावनामा प्राथमिक कक्षामा भर्ना हुन उमेर नपुगेका बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले सञ्चालित बालविकास वा शिशु विकास केन्द्र वा पूर्व प्राथमिक कक्षा व्यवस्थित रूपले व्यवस्थापन र सञ्चालन गर्न निर्देशिका तयार गर्न आवश्यक भएको कुरा उल्लेख गरेको छ । यस निर्देशिकाले प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि नीति निर्देशनहरू उल्लेख गरेको छ । परिच्छेद दुईमा केन्द्र तथा पूर्व प्राथमिक विद्यालय स्थापना तथा सञ्चालन सम्बन्धी विभिन्न नियमहरू उल्लेख गरिएको छ । दफा १० मा अभिभावक शिक्षा कार्यक्रम सम्बन्धी व्यवस्था, दफा २१, २२, २३, २४, २५, २६, २७, २८, २९ र ३० मा प्रारम्भिक बालविकाससँग सम्बन्धित विभिन्न निकायहरूको काम, कर्तव्य र अधिकार तोकिएको छ (प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१) ।

नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय शिक्षा विभागले प्रारम्भिक बालविकास शाखाले ३ र ४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाका लागि विद्यालय, बालविकास केन्द्र वा नीजि स्तरबाट सञ्चालित बालविकास कक्षाका लागि प्रकाशित गरेको प्रारम्भिक बालविकास दिग्दर्शनमा प्रारम्भिक बालविकास कक्षाहरूको व्यवस्थापन, बालविकास पाठ्यक्रम तथा सञ्चालन गर्न सकिने क्रियाकलापहरू बारे उल्लेख गरिएको छ । बालबालिकाको सामाजिक परिवेश अनुरूप विविध शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिकाइ क्रियाकलाप सञ्चालन गर्नु नै यस पाठ्यक्रमको मुख्य लक्ष्य राखिएको छ । बालबालिकाको अन्तर्निहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर प्रवाहित गरी उनीहरूलाई आफ्नो स्वास्थ्य तथा सुरक्षासँग सम्बन्धित तथा अन्य जीवनोपयोगी एवम् स्वावलम्बी सिपहरू हासिल गराउनु यस पाठ्यक्रमको जोड रहेको छ । अर्को शब्दमा भन्ने हो भने यस पाठ्यक्रमको मुख्य कार्य नै बालबालिकालाई आफूप्रतिको आत्मविश्वास जगाउन परिवर्तित समाज र अन्य व्यक्तिहरूप्रति सकारात्मक सोच विकास गर्न, चुनौती बाधा र सफलतामा संवेगात्मक सन्तुलन कायम गर्न मद्दत पुऱ्याउनुको साथै सामाजिक र व्यवहारिक मूल्य मान्यताको आधारमा व्यवहारिक सिकाइ सिप प्रदान गरी उनीहरूमा राष्ट्रियता, संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशीला खडा गर्नु रहेको छ । दिग्दर्शनले प्रारम्भिक बालबालिकाको सिकाइमा एकरूपता र निरन्तरता दिन

आवश्यक दिशानिर्देश गरेको छ । बालबालिकाको पारिवारिक, सामाजिक, भौगोलिक, मानवीय र प्राकृतिक परिवेश जस्ता सेरोफेरोको वातावरणलाई उपयुक्त शिक्षण सिकाइका रूपमा प्रयोग गर्न सक्षम बनाउने गरी पाठ्यक्रमको विकास गरिएको छ । यस पुस्तिकाको माध्यमबाट सबै प्रकारका बालविकास कार्यक्रमहरू जस्तै : समुदायमा आधारित प्रारम्भिक बालविकास कक्षा, सामुदायिक विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा तथा संस्थागत विद्यालयमा आधारित किण्डरगार्टन तथा मण्टेश्वरी जस्ता बालविकास कक्षा सञ्चालनमा एकरूपता ल्याउने यथेष्ट प्रयास गरिएको छ (प्रारम्भिक बालविकास दिग्दर्शन, २०६२) ।

नेपालको शिक्षामा प्रारम्भिक बालविकास कार्यक्रमले उल्लेख्य भूमिका खेलेको विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । प्रारम्भिक बालशिक्षाको अवसर पाएका बालबालिकाहरूको कार्यक्षमता र कक्षोन्नति दर अवसर नपाएका बालबालिकाको भन्दा उच्च छ ।

नेपाल भरि नै सञ्चालन भएका प्रारम्भिक बालविकास कार्यक्रमलाई अगाडि बढाउन अग्रणी भूमिका खेल्ने संस्थाहरूमा युनिसेफ, सेभ द चिल्ड्रेन नर्वे, प्लान इण्टरनेशनल, वर्ल्ड भिजन, सेतो गुराँस, इक्वल एक्सेस, नेपाल बाल सुरक्षा संघ आदि गैर सरकारी संस्था हुन् भने नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, शिशु शिक्षा शाखा, त्रि.वि., सेरिड आदिले प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी विभिन्न तालिम, सेमिनार, खोज तथा अनुसन्धान, पाठ्यक्रम विकास आदि कार्यक्रम सञ्चालन र परीक्षण गर्दै आइरहेका छन् (प्रारम्भिक बालविकास दिग्दर्शन २०६२) ।

बालवालिकाको सर्वाङ्गीण विकास गर्ने हेतुले नेपालमा सरकारी र गैर सरकारी स्तरबाट व्यापक रुपमा प्रारम्भिक बालविकास कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । सवैका लागि शिक्षा कार्ययोजना सन् २००१ - २०१५ अनुसार २०१५ सम्ममा सहज भर्नादर ८०%, बालविकास केन्द्रवाट जाने दर ८०% र बालविकास केन्द्रको संख्या ७४००० पुऱ्याउने लक्ष्य छ । गैर सरकारी तथा निजी स्तरबाट सञ्चालित शिशु स्याहार, नर्सरी, एल.के.जी. र यू.के.जी. का कक्षाहरु पनि प्रशस्तै छन् । बालविकास कार्यक्रमलाई आगामी दिनमा अझ सशक्त र वृहत रुपमा बढाउँदै लैजाने प्रयासहरु भैरहेका छन् । सरकारी र गैर सरकारी दुवै क्षेत्रबाट यस कार्यक्रममा लगानीको दर बढाइएको छ । शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागले प्रारम्भिक बालविकास कार्यक्रमको लक्ष्य प्राप्तिको लागि प्रारम्भिक

बालविकास कार्यक्रम सम्बन्धी निर्देशिका, बालविकास पाठ्यक्रम, बालविकास क्यालेण्डर, प्रारम्भिक बालविकास रणनीति-पत्रको प्रकाशन गरेको छ ।

हालका दिनहरुमा शहरी क्षेत्रहरुमा निजी रुपमा पूर्व विद्यालय कक्षा सञ्चालन गर्ने लहर चलेको छ । यस्ता कक्षाहरुमा मण्टेसोरी पद्धति अँगाल्ने प्रयत्न गरेको भए तापनि अभिभावकमा त्यसप्रतिको चासो र शिक्षकहरुलाई उपयुक्त तालिमको अभावमा मण्टेसोरी पद्धतिको उपयुक्त प्रयोग भएको पाइँदैन । बालबालिकाहरुलाई शारीरिक र मानसिक रुपमा परिपक्व हुन नपाउँदै पढ्न र लेख्न बाध्य पार्ने गरेको पाइन्छ । शहरी क्षेत्रमा यस किसिमका पूर्व विद्यालय कक्षाहरुप्रति अभिभावकहरुको चासो र आकर्षण बढेको पाइन्छ ।

नेपाल सरकार वा गैर सकारी संस्थाहरुको तर्फबाट समुदायद्वारा सञ्चालित पूर्व प्राथमिक कक्षा वा बालविकास केन्द्रहरुमा बालबालिकाहरुको पहुँच कम देखिन्छ । धेरै बालबालिकालाई विद्यालय जाने वातावरण र उनीहरूको सर्वाङ्गीण विकास गर्न प्रारम्भिक बालविकास कार्यक्रमको उल्लेख्य भूमिका रहेको सन्दर्भमा बालबालिकाको समग्रताको विकास गर्ने ध्येयले स्थापना भएका बालविकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको लोकप्रियता दिनदिनै बढ्दै गइरहेको छ । समुदायमा तथा विद्यालयमा एकीकृत रूपमा आधारित बालविकास कार्यक्रमले सम्बन्धित पक्षमा पारेको प्रभावको लेखाजोखा गर्नु आवश्यक छ । अझ हाम्रो जस्तो विकासशील मुलुकमा यो कार्यक्रम एउटा नयाँ र कम परीक्षण गरिएको कार्यक्रम भएकाले सम्बन्धित सरोकारवालाहरूको यस कार्यक्रमप्रति जिज्ञासा बढेको छ । यसै परिवेशलाई आत्मसात गर्दै प्रारम्भिक बालविकास कार्यक्रमको महत्त्वलाई थप स्पष्ट पार्न र यस कार्यक्रमको सिकाइ उपलब्धिलाई मूल्याङ्कन गर्न यो शोध तयार पारिएको हो ।

## १.२ समस्याको कथन

बालबाविकाहरुको सर्वाङ्गीण विकास गर्ने हेतुले सरकारी तथा गैर सरकारी स्तरबाट ठूलो संख्यामा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालित छन् । यस्ता प्रारम्भिक बालविकास कार्यक्रममा लगानी गरे अनुसारका उद्देश्यहरु प्राप्त गर्न सकिरहेका छैनन् । कार्यक्रम सञ्चालन भएको ठाउँमा कार्यक्रमको प्रभाव मूल्याङ्कन हुन सकिरहेको छैन । बालविकास कार्यक्रमले बालबालिकाहरुको व्यवहार, विकास र सिकाइमा अपेक्षित सुधार ल्याएको छ वा छैन भन्ने विषयमा स्थलगत र वास्तविक अवस्थाको अध्ययन हुन सकिरहेको पाइएको छैन ।

प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन एवम् त्यसको उत्पादनको गुणस्तरीयतामा सम्वद्ध निकायहरुको ध्यान नपुगिरहेको वर्तमान परिवेशमा यस कार्यक्रमको सिकाइ उपलब्धिमा योगदान बारे अध्ययन अति आवश्यक ठानिएको छ । यसै परिप्रेक्ष्यमा प्रारम्भिक बालविकास कार्यक्रम र सिकाइ उपलब्धिलाई मुख्य समस्याको रुपमा लिई यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको पूर्वाधार हो । पूर्व प्राथमिक शिक्षा प्राथमिक शिक्षाको आधार हो । विकासात्मक मनोवैज्ञानिकहरुका अनुसार प्रारम्भिक बाल्यावस्था पछिल्लो विकासको आधारशीला हो । यस सन्दर्भमा प्राथमिक विद्यालय उमेर पूरा भइ नसकेका बालबालिकाहरुलाई दिइने प्रारम्भिक बाल शिक्षाको बालवालिकाहरुको चौतर्फी विकासमा अहम् भूमिका हुन्छ । प्रारम्भिक बालविकास कार्यक्रममा सरकारी र गैर सरकारी क्षेत्रबाट लगानी बढाउँदै लगेको परिवेशमा यस कार्यक्रमको वर्तमान अवस्था, कार्यक्रमले लक्षित समूहमा पारेको प्रभाव, बालबालिकाको सिकाइ उपलब्धि, कार्यक्रममा स्थानीय अभिभावकको संलग्नता, सहयोगी कार्यकर्ताको अवस्था जस्ता विषयको खोजी गरिएकाले यस अध्ययनबाट निस्केको निष्कर्षले शिक्षाको नीति निर्माणकर्ता, शैक्षिक योजनाकार, शिक्षा प्रशासक, पाठ्यक्रम निर्माता, शिक्षक तथा सम्बन्धित सबै निकायलाई आ-आफ्नो काममा मद्दत पुऱ्याउने आशा राखिएको छ । पूर्व प्राथमिक शिक्षा तथा प्रारम्भिक बालविकास कार्यक्रमको पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि यस अनुसन्धानले बालबालिकाको आवश्यकता आँकलन गर्नमा सहयोग गर्ने आशा गरिएको छ । शैक्षिक प्रशासक एवम् बालविकास केन्द्र व्यवस्थापकहरुलाई यसले शैक्षिक कार्यक्रम निर्माण गर्नमा सहयोगीको भूमिका खेल्ने विश्वास गरिएको छ । त्यसरी नै यस विषयमा थप अनुसन्धान गर्न चाहने अनुसन्धाताहरुलाई प्रारम्भिक तथ्यको रुपमा प्रस्तुत अध्ययनले मद्दत पुऱ्याउने आशा गरिएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापनको अध्ययन गर्न निम्नानुसार उद्देश्यहरु राखिएको छ :

क. प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापनको अवस्था पहिचान गर्नु,

ख. प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइ उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्नु,

ग. प्रारम्भिक बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिका बीचको उपलब्धिको तुलना गर्नु,

घ. प्रारम्भिक बालविकास कार्यक्रमको समस्याहरु पहिचान गरी सुझाव प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धान प्रश्न

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका केन्द्रहरुमा स्थलगत रुपमा अवलोकन अध्ययन गरी यस अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क. प्रारम्भिक बालविकास केन्द्रमा के कस्ता न्यूनतम सुबिधाहरु उपलब्ध छन् ?

ख. प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुको सिकाइमा अपेक्षित सुधार ल्याउन सकेको छ ?

ग. प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको सिकाइ उपलब्धि दर अवसर नपाएका बालबालिकाहरुको तुलनामा कुन पक्ष बढी सबल छ ?

घ. प्रारम्भिक बालविकास कार्यक्रमले अभिभावक, शिक्षक र समग्र समुदायको विश्वास जित्न सकेको छ ?

ङ. प्रारम्भिक बालविकास कार्यक्रमका मुख्य समस्याहरु के के छन् ?

## १.६ अध्ययनको परिसीमा

सरकारी, गैर सरकारी क्षेत्र तथा स्थानिय क्लबहरु मार्फत बालविकास कार्यक्रम देशै भरी सञ्चालन भएका छन् । यस्तो अवस्थामा सम्पूर्ण क्षेत्रमा गई कार्यक्रमको अध्ययन गर्न साधन र स्रोतले नभ्याउने भएकाले ताप्लेजुङ जिल्लाको थेचम्वू स्रोतकेन्द्र अन्तर्गत बालविकास कार्यक्रम सञ्चालन गरेका ३ वटा र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन नगरेका ३ वटा सामुदायिक विद्यालयहरूको प्राथमिक तहको कक्षा १ मा यो अध्ययन सीमित रहेको छ । अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका विद्यालयको प्रारम्भिक बालविकास कार्यक्रम र कक्षा १ तथा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन नगरेका विद्यालयको कक्षा १ लाई मात्र समेटेको छ । उक्त विद्यालयहरुमा अध्ययन गरेका

नमुनामा परेका बालबालिकाहरुको बालविकास कक्षामा अध्ययनरत रहँदाको अवस्था र कक्षा १ मा हासिल भएको सिकाइ उपलब्धि तथा सोझै कक्षा १ मा भर्ना भएका विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धी अवस्थाको मात्र तुलनात्मक अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका लागि अध्ययन क्षेत्रका नमुनामा परेका सहयोगी कार्यकर्ता, कक्षा १ मा शिक्षण गर्ने शिक्षक र पूर्व प्राथमिक कक्षा तथा कक्षा १ मा अध्ययन गर्ने बालबालिकाका अभिभावकबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । प्रस्तुत शोधमा शैक्षिक सत्र २०७१ को तथ्याङ्कलाई आधार मानी २०७२ साल वैशाखदेखि आषाढसम्मको अवधिमा अध्ययन सम्पन्न गरिएको छ । एउटा जिल्लको सानो क्षेत्र एउटा स्रोतकेन्द्रभित्रका ३ वटा प्रारम्भिक बालविकास केन्द्रहरुको नमुना लिई सम्पन्न गरिएको यस अनुसन्धानको प्राप्ति अन्यत्र सामान्यीकरण नहुन सक्छ ।

# परिच्छेद दुई : साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

सम्बन्धित साहित्यको पुनरावलोकनले अनुसन्धानको समस्यालाई स्पष्ट पार्न, सम्बन्धित विषयमा अध्ययनकर्ताको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न तथा अध्ययनको विषयको क्षेत्रलाई सीमित गर्न समेत सहयोग पुऱ्याउने भएकाले यस अध्ययनका क्रममा विभिन्न सम्बन्धित साहित्यहरूको अध्ययन गरिएको छ जसलाई संक्षिप्त रूपमा निम्न अनुसार उल्लेख गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

गौतम (२०६४) ले प्रारम्भिक बालशिक्षा कार्यक्रमले बालबालिकाहरूको सिकाइमा पारेको प्रभाव नामक शोधपत्रमा नवलपरासी जिल्लाका पाँचवटा वालविकास केन्द्रका २५ जना बालबालिकाहरूलाई नमुना जनसंख्याका रूपमा छनौट गर्नुभएको छ । बालशिक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभावको विश्लेषणलाई मुख्य उद्देश्य बनाइएको उक्त शोधमा कक्षा अवलोकन, परीक्षा नतिजा विश्लेषण र अन्तरवार्ता जस्ता साधनको प्रयोग गरी तथ्याङ्कको गुणात्मक र संख्यात्मक प्रस्तुतीको आधारमा प्रारम्भिक बालशिक्षा प्राप्त बालबालिकाहरूको औसत प्राप्ताङ्क अप्राप्त बालबालिकाको भन्दा उच्च रहेको, बालशिक्षाको अवसर प्राप्त बालबालिकाहरूको उत्तीर्ण दर अप्राप्त बालबालिकाको भन्दा उच्च रहेको, अवसर प्राप्त बालबालिकाहरूको व्यक्तिगत सरसफाइ सिप अप्राप्तको तुलनामा उच्च रहेको जस्ता महत्त्वपूर्ण निष्कर्षहरू निकालिएको छ ।

उक्त शोधपत्रमा बालशिक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभावको विश्लेषणलाई मुख्य उद्देश्य बनाइएको भए तापनि बालबालिकाको व्यवहारिक सिप सिकाइमा पारेको प्रभावको विश्लेशण गरिएको रहेनछ । प्रस्तुतत अध्ययनमा बालशिक्षाले बालबालिकाको व्यवहारिक सिप सिकाइमा पारेको प्रभावको समेत विश्लेषण गरिएको छ ।

न्यौपाने (२०६३) ले पूर्व प्राथमिक पाठ्यक्रम कार्यान्वयनको अवस्था एक अध्ययन नामक शोधपत्रमा लमजुङ जिल्लाको ४ वटा गा.वि.स. मा सञ्चालित पूर्व प्रा. वि. मा गर्नुभएको अध्ययन अनुसार सवै पूर्व प्रा. वि. मा पाठ्यक्रम लागू गरिएको, पाठ्यक्रम फ्रोबेल र मन्टेश्वरी सिद्धान्तसँग मिल्दो जुल्दो पाइएको, बालविकासका लागि सञ्चालन

गरेका क्रियाकलापहरूमा सामाजिक, शारीरिक र संवेगात्मक पक्षलाई समेटेको पाइएको जस्ता निष्कर्षहरू निकालेको पाइयो ।

उक्त शोधपत्र मुख्यतया प्रारम्भिक बालविकास पाठ्यक्रमको कार्यान्वयन पक्षसँग बढी केन्द्रित रहेको छ । उक्त शोधपत्रमा पाठ्यक्रमको कार्यान्वयन पश्चात अवसर प्राप्त बालबालिकामा बालशिक्षाको अवसर अप्राप्त बालबालिकाको तुलनामा पाइने अन्तरको खोजी गर्नुभएको छैन । प्रस्तुत अध्ययनमा बालशिक्षा प्राप्त र अप्राप्त बालबालिकाको सामाजिक, शारीरिक र वौद्धिक पक्षको तुलनात्मक अध्ययन गरिएको छ ।

पौड्याल (२०६६) ले प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता शीर्षकमा झापा जिल्लाको शनिश्चरे स्रोतकेन्द्र अन्तरगत एकीकृत रूपमा बालविकास कार्यक्रम सञ्चालन गरेका ६ वटा विद्यालयहरूलाई नमुनाको रूपमा लिई छलफल, अन्तरवार्ता, अवलोकन जस्ता साधनको माध्यमबाट सङ्कलन गरिएका तथ्याङ्कको आधारमा तयार गरेको शोधपत्रको मुख्य उद्देश्य प्रारम्भिक बालशिक्षाले बालबालिकाको विद्यालय नियमिततामा पारेको प्रभावको विश्लेषण गर्नु रहेको थियो । उक्त शोधका अनुसार प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूमा विद्यालय जाने बानीको विकास गराउनुको साथै उनीहरूको शैक्षिक, मानसिक र सामाजिक विकासमा उल्लेख्य सहयोग पुऱ्याएको देखिन्छ । यस कार्यक्रमले अभिभावक, बालबालिका, प्रधानाध्यापक, शिक्षक, सहयोगी कार्यकर्ता तथा सम्पूर्ण समुदायकै मन जित्न सकेको देखिएता पनि सहयोगी कार्यकर्ताको संख्या कम भएको, सहयोगी कार्यकर्तालाई दिइएको तालिम पर्याप्त नभएको तथा सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक र शैक्षिक सामग्री खरीद गर्न दिइने सरकारी अनुदान अपर्याप्त भएको पाइयो ।

उक्त शोधपत्रमा मुख्यतया प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको विद्यालय नियमिततामा पारेको प्रभावमा बढी केन्द्रित रही अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा बालविकास कार्यक्रमबाट बालबालिकाको सिकाइ उपलब्धिमा परेको प्रभावको अध्ययन गरिएको छ ।

शर्मा (२०६८) का अनुसार प्रारम्भिक बालविकास कार्यक्रमले सिकाय वातावरणामा पारेको प्रभाव शीर्षकबाट अवसर प्राप्त बालबालिकाहरुको विषयगत औसत अवसर अप्राप्त बालबालिकाहरुको तुलनामा उच्च रहेको पाइएको छ । त्यसै गरी सामाजिक व्यवहार सम्बन्धी सिप विकास, सरसफाइ सम्बन्धी सिप विकास, अतिरिक्त क्रियाकलाप सम्बन्धी सिप विकास, सामाजिक विकास र मानसिक विकासमा अवसर प्राप्त बालबालिकाहरुको

अवस्था अवसर अप्राप्त बालबालिकाहरुको तुलनामा सवल रहेको देखियो । सहयोगी कार्यकर्तालाई दिइएको तालिम अपुग भएको पाइयो । न्यून पारिश्रमिक भएका कारण सहयोगी कार्यकर्तामा मनोवैज्ञानिक सङ्कट देखा परेको  पाइयो । बालविकास केन्द्रमा पर्याप्त शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्था एवं जनचेतना वृद्धि गर्न सके शैक्षिक उपलब्धि वृद्धिमा यस कार्यक्रमले महत्त्वपूर्ण योगदान गर्न सक्ने निष्कर्ष निकालिएको छ ।

उक्त शोधमा बालविकास कार्यक्रमको भौतिक व्यवस्थापन एवं सिकाइ वातावरण पक्षमा केन्द्रित भई अध्ययन गरिएको पाइएकोले प्रस्तुत अध्ययनमा सिकाइ वातावरण साथै सिकाइ उपलब्धिमा बालविकास कार्यक्रमको प्रभावमा केन्द्रित भई अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनमा प्रारम्भिक बालविकास कार्यक्रमसँग सम्बन्धित शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागबाट प्रकाशित भएका प्रारम्भिक बालविकास दिग्दर्शन, बालविकास निर्देशिका, बालविकास क्यालेण्डर, बालविकास रणनीति-पत्र आदि जस्ता पुस्तकलाई अध्ययनको थप आधार बनाइएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

प्रारम्भिक बाल्यावस्था अत्यन्तै जिज्ञासु र नक्कल गर्ने उमेर हो । यस अवस्थाका बालबालिकाहरुलाई खुल्ला वातावरणमा मनोरञ्जनात्मक तवरले गरेर सिक्ने अवसर प्रदान गर्न सकेमा सिकाइ दिगो र अर्थपूर्ण हुन्छ । त्यसैले यस अध्ययनमा फ्रोबेलको बाल वगैंचा पद्धति तथा मण्टेश्वरीको बालगृह शिक्षा पद्धतिलाई सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

फ्रोबेल (१७८३ - १८५४) ले प्रतिपादन गरेको शिक्षण पद्धतिलाई किण्डरकार्टेन भनिन्छ । उनको शिक्षण पद्धति बालकेन्द्रित छ, दण्डको व्यवस्था छैन । पारिवारिक वातावरणमा शिक्षा आर्जन गर्ने अवसर प्रदान गरिन्छ, शिक्षण पद्धतिमा खेल विधि अपनाइन्छ ।

प्रारम्भिक बालविकास केन्द्रहरुमा पनि बगैंचा, बालुवा, ढुङ्गा, चाकाचुली आदिको व्यवस्था हुने र खेल विधिलाई प्रमुख शिक्षण विधि बनाइने भएकाले यस अध्ययनको क्रममा फ्रोबेलको बाल वगैंचा विधिलाई अध्ययनको आधार बनाइएको छ ।

मण्टेश्वरी (१८७० - १९५२) ले बाल स्वतन्त्रता र खेलकूदद्वारा शिक्षण गरिने विचारलाई मण्टेश्वरी विधिको रुपमा विकसित गरिन् । उनको बालगृह शिक्षा पद्धतिको मेरुदण्ड मानिन्छ । उनका अनुसार बालबालिकामा अन्तर्निहित प्रतिभा हुन्छ जसलाई

शिक्षाले उजागर गर्नुपर्छ । बालकलाई स्वतन्त्रतापूर्वक आफ्ना विचार र संवेगहरु अभिव्यक्त गर्न दिनुपर्छ । बालबालिकाहरु आफ्नै गतिले सिक्दछन् ।

मांशपेशी र ज्ञानेन्द्रियको उचित तालिमलाई प्रारम्भिक बाल्यावस्थाका बालबालिकालाई दिइने शैक्षिक प्रकृयामा मण्टेश्वरीले जोड दिएकी छिन् । प्रारम्भिक बालविकास कार्यक्रमको लक्ष्य बालबालिकाहरुको चौतर्फी विकास गर्नु भएकाले यस अध्ययनको क्रममा मण्टेश्वरीको शिक्षण पद्धतिलाई पनि आधार बनाइएको छ । मण्टेश्वरीको सिद्धान्तले प्रस्तुतत अध्ययनमा प्रारम्भिक बालविकास केन्द्रमा सञ्चालन गरिने शैक्षिक प्रकृयाको अध्ययनका लागि छनोट गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

प्रस्तुत अध्ययनको क्रममा पुनरावलोकन गरिएका पूर्व साहित्यमा प्रारम्भिक बालविकास कार्यक्रमका विविध पक्षहरुको विश्लेषण गरिएको हुनाले उक्त पुनरावलोकनबाट प्रस्तुत शोधका लागि थप सामग्री प्राप्त भएको छ ।

गौतम र न्यौपानेले तयार गर्नुभएको शोधपत्रमा प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइमा पारेको प्रभावको विश्लेषण र पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको अवस्थाको विश्लेषण गरिएको छ । प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनका समस्याहरूको बारेमा उक्त शोधपत्रहरू मौन छन् । उक्त रिक्ततालाई पूरा गर्न प्रस्तुत शोधमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरूको पहिचान गरी सुझाव प्रस्तुत गरिएको हुनाले यसभन्दा अघिका शोधपत्रमा भएको रिक्ततालाई यस अनुसन्धानले पूर्णता दिएको छ ।

पुनरावलोकन गरिएका साहित्यमा खास गरी प्रारम्भिक बालविकास कार्यक्रमले सिकाइमा पारेको प्रभावको लेखाजोखा गरिएको पाइएकोले प्रस्तुत शोधमा उक्त साहित्यका निष्कर्षहरुलाई आधार मान्दै बालबालिकामा जीवनोपयोगी सीपको अभिवृद्धिलाई समेत दृष्टिगत गरी अध्ययन गरिएको छ ।

त्यस्तै अध्ययन गरिएका सिद्धान्तहरुले सिकाइको आधारभूत प्रकृयाबारे जानकारी प्रदान गरेकाले जीवनोपयोगी सीप सिकाइको लागि एवम् सिकाइको दीर्घताको लागि फ्रोबेल र मण्टेश्वरीका सिद्धान्तमा आधारित भई प्रस्तुत अध्ययन कार्यलाई अगाडि बढाइएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अध्ययनको विधि अन्तरगत अनुसन्धानको ढाँचा, जनसंख्या, नमुना, नमुनाको आकार, नमुना छनोट प्रक्रिया, तथ्याङ्कको स्रोत र सङ्कलनका साधनहरु तथा तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियाको बारेमा उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अनुसन्धानमा वस्तु, प्रक्रिया, समस्या तथा घटनाहरूलाई यथास्थितिमा वा तिनीहरूको प्राकृतिक अवस्थामा नै अध्ययन गरी प्राप्त तथ्याङ्कहरूलाई गुणात्मक र परिमाणात्मक विधिद्वारा व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । यस अनुसन्धानमा गुणात्मक विश्लेषणका लागि सम्बन्धित साहित्यको पुनरावलोकनमा उल्लेख भएका लेखरचनाहरू तथा खुल्ला प्रश्नालवीको प्रयोग गरिएको छ भने परिमाणात्मक विश्लेषणका लागि अभिलेख, तथ्याङ्क, अवलोकन र बन्द प्रश्नावलीलाई समावेश गरिएको छ । यसरी अध्ययनको उद्देश्य पूरा गर्न मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

### ३.२.१ जनसंख्या

ताप्लेजुङ जिल्लाका १४ वटा स्रोतकेन्द्रहरु मध्ये थेचम्वू स्रोतकेन्द्र, त्यस अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरु, उक्त विद्यालयहरुमा कार्यरत प्राथमिक तहको कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरु, प्रारम्भिक बालविकास कार्यक्रममा शिक्षण गर्ने सहयोगी कार्यकर्ताहरु, प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी विद्यार्थीहरु, कक्षा १ मा अध्ययन गर्ने विद्यार्थीहरु तथा तिनका अभिभावकलाई प्रस्तुत अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमुना

सीमित स्रोत, साधन र समय साथै आर्थिक र भौगोलिक कठिनाइको कारणले गर्दा ताप्लेजुङ जिल्लामा रहेका १४ वटा स्रोतकेन्द्र मध्ये १ वटा स्रोतकेन्द्रलाई नमुनाको रुपमा लिई उक्त स्रोतकेन्द्रमा सञ्चालित विद्यालयहरुबाट प्रारम्भिक बालविकास कार्यक्रम

सञ्चालन गरेका र नगरेका ३/३ वटा विद्यालयहरु छनौट गरी त्यहाँ कार्यरत शिक्षक, सहयोगी कार्यकर्ता, प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी विद्यार्थी, कक्षा १ मा अध्ययनरत (प्रारम्भिक बालविकास कार्यक्रम पूरा गरेका र सोझै कक्षा १ मा भर्ना भएका) विद्यार्थी, प्रारम्भिक बालविकास कार्यक्रममा बालबालिका पठाउने अभिभावक र बालबालिका नपठाउने अभिभावक समेतलाई नमुनाको रुपमा छनोट गरिएको छ । यसरी नमुना छनोट गर्दा विद्यालयको स्तर, भौगोलिक क्षेत्र, लिङ्ग, जातजाति समेतको दृष्टिकोणलाई समेट्ने प्रयत्न गरिएको छ ।

### ३.२.३ नमुनाको आकार

प्रस्तुत शोधपत्र तयार पार्नका लागि ताप्लेजुङ जिल्लाका १४ वटा स्रोतकेन्द्रहरू मध्ये १ वटा स्रोतकेन्द्रलाई छनोट गरिएको छ । उक्त स्रोतकेन्द्र अन्तरगत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका ३ वटा र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन नगरेका ३ वटा सामुदायिक विद्यालयहरु छनौट गरी तिनमा कक्षा १ मा शिक्षण गर्ने शिक्षक प्रत्येक विद्यालयबाट १ जनाका दरले ६ जना, प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका प्रत्येक विद्यालयबाट प्रारम्भिक बालविकास कार्यक्रममा शिक्षण गर्ने सहयोगी कार्यकर्ताहरु १ जनाका दरले ३ जना, प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयबाट ५ जनाका दरले प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी विद्यार्थीहरु १५ जना, प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयबाट प्रारम्भिक बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा अध्ययनरत विद्यार्थीहरु ५ जनाका दरले १५ जना, बालविकास कार्यक्रम सञ्चालन नगरेका प्रत्येक विद्यालयका सोझै कक्षा १ मा भर्ना भई अध्ययनरत विद्यार्थी ५ जनाका दरले १५ जना, प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका प्रत्येक विद्यालयको बालविकास कार्यक्रममा बालबालिका पठाउने अभिभावक मध्येबाट ४ जनाका दरले १२ जना, प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका प्रत्येक विद्यालयको बालविकास कार्यक्रम पूरा गराई कक्षा १ मा बालबालिका पठाउने अभिभावक मध्येबाट ४ जनाका दरले १२ जना र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन नगरेका प्रत्येक विद्यालयमा कक्षा १ मा बालबालिका पठाउने अभिभावक ४ जनाका दरले १२ जनालाई नमुनाको रुपमा लिइएको छ ।

### ३.२.४ नमुना छनोट प्रक्रिया

नमुना छनोट गर्दा १ स्रोतकेन्द्र, ३ वटा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका विद्यालय र ३ वटा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन नगरेका विद्यालय सम्भावनायुक्त नमुना छनौट विधिबाट छनौट गरिएका छन्। छनौट गरिएका विद्यालयका प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका प्रत्येक विद्यालयका १ जनाका दरले ३ जना सहयोगी कार्यकर्तालाई सुविधाजनक विधिद्वारा छनौट गरिएको छ। छनौट भएका प्रत्येक विद्यालयका प्राथमिक तहको कक्षा १ मा  शिक्षण गर्ने १ जनाका दरले ६ जना शिक्षक, प्रत्येक विद्यालयमा प्रारम्भिक बालविकास कार्यक्रममा अध्ययन गर्ने ५ जनाका दरले १५ जना विद्यार्थी, प्रत्येक विद्यालयमा कक्षा १ मा अध्ययन गर्ने ५ जनाका दरले ३० जना विद्यार्थी, प्रत्येक विद्यालयमा प्रारम्भिक बालविकास कार्यक्रममा बालबालिका पठाउने ४ जनाका दरले १२ जना अभिभावक र प्रत्येक विद्यालयमा कक्षा १ मा बालबालिका पठाउने ४ जनाका दरले २४ जना अभिभावकलाई सम्भावनायुक्त विधिद्वारा छनोट गरिएको छ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनको लागि मूलतः प्राथमिक र द्वितीय स्रोत गरी दुई प्रकारका तथ्याङ्क स्रोतको उपयोग गरिएको छ।

### ३.३.१ प्राथमिक स्रोत

तथ्याङ्क सङ्कलन गर्ने क्रममा सम्बन्धित क्षेत्रमा स्वयं अनुसन्धानकर्ता उपस्थित भई प्रश्नावली, अवलोकन आदिको माध्यमबाट प्रारम्भिक बालविकास कार्यक्रमको अवस्था तथा यसबाट बालबालिकाको  सिकाइमा भएको उपलब्धि सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ।

### ३.३.२  द्वितीय स्रोत

प्रस्तावित अनुसन्धान पूरा गर्नका निम्ति आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा विद्यालयमा उपलब्ध भएका विद्यार्थीको प्रगति विवरण, निरन्तर मूल्याङ्कन अभिलेखका साथै पत्रपत्रिका, बुलेटिन, स्मारिका तथा विद्यालयमा आवधिक रूपमा राखिएका अभिलेखहरूको समेत अध्ययन गरिएको छ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तावित अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि निम्नानुसारका तथ्याङ्क सङ्कलनका साधनहरुको प्रयोग गरिएको छ ।

**प्रश्नावली**

प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइ उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्न शिक्षक, सहयोगी कार्यकर्ता तथा अभिभावकसँग प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । प्रश्नावलीको नमुना अनुसूचीमा उल्लेख गरिएको छ ।

**अवलोकन फारम**

प्रारम्भिक बालविकास कार्यक्रमको अवस्था तथा यसले बालबालिकाको सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययन गर्नका लागि प्रारम्भिक बालविकास कक्षाको अवलोकन गरी कक्षाकोठाको अवस्था, बालबालिकाको सिकाइ व्यवहार तथा उनीहरुले हासिल गरेको उपलब्धिहरु पत्ता लगाउने प्रयत्न गरिएको छ । त्यसरी नै प्रारम्भिक बालविकासको अवसर प्राप्त र अप्राप्त बालबालिकाको कक्षा १ को उपलब्धि स्तर तुलना गर्न बालबालिकाहरुको कक्षा नियमितता र विषयगत प्राप्ताङ्क समेत अवलोकन गरिएको छ ।

**लक्षित समूह छलफल**

प्रारम्भिक बालविकास कार्यक्रमको अवस्था तथा यसले बालबालिकाको सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययन गर्नका लागि सहयोगी कार्यकर्ता, शिक्षक र अभिभावक बीच सामूहिक छलफलको आयोजना गरी सूचना सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि शोधकर्ता स्वयम् अध्ययनक्षेत्रमा गई सम्बन्धित जनसंख्यासँग प्रत्यक्ष भेटघाट र कुराकानी गरिएको छ । नमुना छनोट गरिएका विद्यालयहरुमा शोधकर्ता स्वयम्ले भ्रमण गरी सम्बन्धित विद्यालयका प्रधानाध्यापकसँग सम्पर्क गरे पश्चात आफ्नो अध्ययनको उद्देश्य स्पष्ट पारी आवश्यक सूचना उपलब्ध गराउन आग्रह गरिएको छ । प्रश्नावली मार्फत सूचना माग गरिएको जनसङ्ख्यालाई सो प्रश्नावलीको प्रयोजन बारे प्रस्ट पारिएको छ र प्रश्नावली भर्न

लगाइएको छ । अवलोकन फाराम मार्फत सूचना सङ्कलन गर्नका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकसँग अनुमति लिई सम्बन्धित शिक्षकको सहमतिमा विद्यालयको अवलोकन गरी सूचना सङ्कलन गरिएको छ । नमुना छनोटमा परेका प्रत्येक विद्यालयमा प्रधानाध्यापकसँग अनुमति लिई लक्षित समूह छलफल चलाइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनमा सङ्कलन गरिएका गुणात्मक अर्थात धारणाजन्य तथ्याङ्कलाई गुणात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ । त्यसरी नै परिमाणात्मक  तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रियाको लागि तालिका, प्रतिशत, वृत्तचित्र, स्तम्भचित्र आदिको उपयोग गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

प्रारम्भिक बाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्त्वपूर्ण प्रभाव पार्दछ। यस उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरु पूर्ण मानव बन्न सक्छन्। यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमको प्रमुख भूमिका रहन्छ। यसै यथार्थलाई आत्मसात गर्दै ताप्लेजुङ जिल्लाको थेचम्बू स्रोतकेन्द्र अन्तर्गत बालविकास कार्यक्रम सञ्चालन गरेका ३ वटा सामुदायिक विद्यालय र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन नगरेका ३ वटा सामुदायिक विद्यालयलाई छनौट गरी बालविकास कार्यक्रम व्यवस्थापन बारे अध्ययन गरिएको छ।

## ४.१ बालविकास केन्द्र व्यवस्थापनको अवस्था

### ४.१.१ भौतिक व्यवस्थापनको अवस्था

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका विद्यालयहरुको भौतिक अवस्था अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका विद्यालयहरुका बालविकास कार्यक्रमसँग सम्बन्धित कक्षाकोठा, फर्निचर, खेल मैदान, वगैंचा, शौचालय, पीउने पानीको अवस्थालाई अध्ययन गरिएको छ।

**कक्षाकोठा**

नमुना छनोटमा परेका प्रत्येक विद्यालयले बालविकास कार्यक्रम सञ्चालनका लागि १ वटा कोठाको प्रवन्ध गरेको पाइयो। उक्त कक्षाकोठा विद्यालयको कक्षा १ को कक्षाकोठासँग जोडिएको पाइयो। कक्षाकोठा सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका १ : कक्षाकोठाको आकार

| क्र. सं. | बालविकास केन्द्रको नाम | विद्यार्थी संख्या | लम्बाइ, चौडाइ (मि.) | प्रति विद्यार्थी क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| १ | कालिका उ.मा.वि. | २५ | ६ × ५ | १.२ |
| २ | महाकाली नि.मा.वि. | १५ | ५ × ४ | १.३३ |
| ३ | सरस्वती प्रा.वि. | ७ | ४× ३ | १.७१ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

शिक्षा नियमावली २०५९ ले पूर्व प्राथमिक तहमा प्रति विद्यार्थी क्षेत्रफल ०.७५ वर्ग मिटर भन्दा कम हुनु नहुने कुरा अअनुसूची ३ मा उल्लेख गरेको छ। अध्ययनको क्रममा छनोटमा परेका सवै बालविकास केन्द्रका कक्षाकोठाहरु प्रति विद्यार्थी क्षेत्रफल १ वर्ग मिटर भन्दा माथिको पाइएको छ। कक्षाकोठामा शैक्षणिक क्रियाकलापका लागि पर्याप्त क्षेत्रफल भएको पाइयो। प्रत्येक केन्द्रका बालकक्षामा विषयकुना भएको पाइयो।

### फर्निचर

यस अध्ययनबाट प्राप्त सूचना अनुसार २ वटा बालविकास केन्द्रमा बालबालिकाहरुलाई बस्नको लागि डेस्क बेञ्च र १ वटामा कार्पेटको व्यवस्था भएको पाइयो। त्यसरी नै हरेक केन्द्रमा १/१ वटा दराज र १/१ वटा कालोपाटी भएको पाइयो।

### खेलमैदान

अध्ययनको क्रममा छनोटमा परेका सवै बालविकास केन्द्र विद्यालय भवनको छुट्टै कोठामा सञ्चालित छन्। विद्यालयमा नै सञ्चालित भएकाले विद्यालयको प्राङ्गणलाई खेलमैदानको रुपमा उपयोग गर्ने गरिएको पाइयो।

### बगैंचा

अध्ययनको क्रममा २ वटा बालविकास केन्द्रमा सामान्य बगैंचाको व्यवस्था भएको पाइयो। फ्रोबेलको किण्डरगार्टेन शिक्षण पद्धति जस्तै बालबालिकाले बगैंचामा खेल्ने अवसर पाएको पाइयो।

**शौचालय**

नमुना छनोटमा परेका सवै बालविकास केन्द्रहरुमा शौचालयको व्यवस्था भएको पाइयो । तर नमुनामा परेका मध्ये २ वटा (६६.६७%) बालविकास केन्द्रहरुमा मात्र छात्र, छात्रा र सहयोगी कार्यकर्ताको लागि छुट्टा छुट्टै शौचालयको प्रयोग गरेको पाइयो ।

**पिउने पानी**

यस अध्ययनको क्रममा सवै बालविकास केन्द्रमा पानीको उपयुक्त व्यवस्था भएको पाइयो । सवै बालविकास केन्द्रका कक्षाकोठामा नै गाग्रीमा पानी राखी गिलासबाट बालबालिकाहरुले पिउने गरेको पाइयो ।

**४.१.२ शैक्षिक अवस्था**

यसमा प्रारम्भिक बालविकास कार्यक्रमसँग सम्बन्धित सहयोगी कार्यकर्ताको अवस्था, शैक्षिक सामग्रीको अवस्था, खेल सामग्रीको अवस्थालाई अध्ययन गरिएको छ ।

**सहयोगी कार्यकर्ताको अवस्था**

व्यवस्थापन समितिले उपलब्ध गराएको भौतिक तथा शैक्षिक सुविधाको सदुपयोग गदै नेपाल सरकारबाट स्वीकृति प्राप्त पाठ्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गरी समुदायका बालबालिकाहरुको चौतर्फी विकासमा सहयोग पुऱ्याउने जिम्मेवार व्यक्ति सहयोगी कार्यकर्ता नै हो । सहयोगी कार्यकर्ताको लिङ्ग, योग्यता, तालिम, अनुभव वर्ष र पारिश्रमिक तथा सुविधा जस्ता अवस्थाबाट बालविकास केन्द्रमा गरिने क्रियाकलापहरु प्रभावित हुन्छन् र तिनै क्रियाकलापमा बालविकास आधारित हुन्छ । त्यसैले सहयोगी कार्यकर्ताको अवस्था सम्बन्धी सूचनालाई तल प्रस्तुत गरिएको छ ।

**सहयोगी कार्यकर्ताको लैङ्गिक अवस्था**

ताप्लेजुङ जिल्ला अन्तरगत थेचम्बू स्रोतकेन्द्रका नमुना छनौटमा परेका सबै बालविकास केन्द्रहरुमा महिला सहयोगी कार्यकर्ता नियुक्त गरेको पाइयो । विशेष गरेर महिलाहरुसँग बालबालिकाहरु सजिलै सँग घुलमिल भएर डर त्रास बिना स्वतन्त्र रुपमा

अन्तर्क्रिया गर्ने हुँदा महिलालाई सहयोगी कार्यकर्तामा नियुक्ति गर्नु सकारात्मक पक्ष देखियो ।

**शैक्षिक योग्यता**

नमुना छनोटमा परेका ३ वटा बालविकास केन्द्र मध्ये २ वटा केन्द्रमा सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता +२ उत्तीर्ण भएको पाइयो । बाँकी १ जना सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता एस. एल. सी. उत्तीर्ण भएको पाइयो ।

**तालिम**

नमुना छनौटमा परेका बालविकास केन्द्रका सवै सहयोगी कार्यकर्ताहरुलाई जि.शि.का. ले ६ दिने सहयोगी कार्यकर्ता (स.का.) तालिम दिएको पाइयो ।

**अनुभव**

अध्ययनको क्रममा नमूना छनोटमा परेका ३ वटा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको अनुभव न्यूनतम ३ वर्षदेखि अधिकतम ८ वर्षसम्म पाइयो ।

**पारिश्रमिक**

प्रत्येक बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई नेपाल सरकारले प्रति महिना रु ३०००।- का दरले पारिश्रमिक प्रदान गर्ने गरेको पाइयो । कुनै पनि बालविकास केन्द्रमा सहयोगी कार्यकर्तालाई समुदायले अतिरिक्त रकम थप गरी प्रदान गरेको पाइएन ।

**शैक्षिक सामग्रीको अवस्था**

नमुना छनौटमा परेका बालविकास केन्द्रहरुको शैक्षिक सामग्रीको अवस्था अवलोकन गर्दा निम्न अनुसारका शैक्षिक सामग्रीहरु बालविकास केन्द्रमा उपलब्ध रहेको अवस्था देखियो ।

तालिका २ : शैक्षिक सामग्री विवरण

| क्र.सं | उपलब्ध शैक्षिक सामग्री | बालविकास केन्द्र संख्या |
|---|---|---|
| १ | पाठ्यक्रम, निर्देशिका, सहयोगी कार्यकर्ता निर्देशिका, बाल पुस्तिका, ऐना, काइंयो, नङ काट्ने, रुमाल, ब्रश, दन्तमञ्जन, साबुन, वर्ण तालिका, अल्फाबेट तालिका र रंगीन कागजहरु (जि.शि.का. ले दिएका मात्र) | ३ |
| २ | पाठ्यक्रम, निर्देशिका, सहयोगी कार्यकर्ता निर्देशिका, बाल पुस्तिका, ऐना, काइंयो, नङ काट्ने, रुमाल, ब्रश, दन्तमञ्जन, साबुन, वर्ण तालिका, अल्फाबेट तालिका र रंगीन कागजहरु (जि.शि.का. ले दिएका), सवारी साधनका चित्र, जनावरका चित्र, फलफूलका चित्र, सिट्टी, मादल, टि.भी. (विद्यालयले खरीद गरेका) र काठ र बाँसका ब्लकहरु, संवेग व्यक्त भएका ठूला चित्र, वर्णित चित्र, कपडाको टुक्रा जस्ता सामग्री (कार्यकर्ताले सङ्कलन गरेका) | १ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकालाई हेर्दा ताप्लेजुङ जिल्ला अन्तरगत थेचम्बू स्रोतकेन्द्रका नमुना छनौटमा परेका बालविकास केन्द्रहरुमा शैक्षिक सामग्रीको अवस्था समान नभई घटीबढी भएको पाइयो । छनोटमा परेका सबै बालविकास केन्द्रहरुमा पाठ्यक्रम, निर्देशिका, सहयोगी कार्यकर्ता निर्देशिका, बाल पुस्तिका, ऐना, काइंयो, नङ काट्ने, रुमाल, वर्ण तालिका, अल्फाबेट तालिका र रंगीन कागजहरु जस्ता जि.शि.का. ले दिएका मात्र शैक्षिक सामग्रीको रुपमा पाइयो । त्यसरी नै व्यवस्थापन समितिले सक्रियतापूर्वक काम गरेको १ वटा केन्द्रमा माथि उल्लेखित जि.शि.का. ले दिएका सामग्रीको साथै बालविकास केन्द्र आफैंले खरीद गरेका सवारी साधनका चित्र, जनावरका चित्र, फलफूलका चित्र, सिट्टी, मादल, टि.भी. र सहयोगी कार्यकर्ताले सङ्कलन गरेका काठ र बाँसका ब्लकहरु, संवेग व्यक्त भएका ठूला चित्र, वर्णित चित्र, कपडाको टुक्रा जस्ता शैक्षिक सामग्री भएको पाइयो । सबै केन्द्रमा पर्याप्त मात्रामा खेल सामग्रीको अभाव भएको पाइयो ।

**शैक्षिक सामग्रीको प्रयोगको अवस्था**

अध्ययनको क्रममा सवै बालविकास केन्द्रमा उपलब्ध शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण क्रियाकलाप गराएको पाइयो । छनोटमा परेका सवै सहयोगी कार्यकर्ताले बालमैत्री वातावरणमा कक्षा सञ्चालन गर्ने गरेको जनाएका छन् ।

## ४.२ बालविकास कार्यक्रमले बालबालिकाहरुको सिकाइ उपलब्धिमा पारेको प्रभाव

यस अन्तर्गत प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुले र अवसर अप्राप्त बालबालिकाहरुले कक्षा १ मा प्राप्त गरेको विषयगत औसतको व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१ औसत प्राप्ताङ्क

बालबालिकाहरुको सिकाइ उपलब्धि बिश्लेषणको क्रममा तथ्याङ्कशाश्त्रमा सवैभन्दा बढी प्रचलित तथा सरल विधि औसतको प्रयोग गरिएको छ जस अनुसार बालबालिकाहरुको प्राप्ताङ्कको औसत निम्न अनुसार रहेको छ ।


तालिका ३ : विषयगत औसत प्राप्ताङ्क

| क्र.सं. | विषयगत विवरण | पूर्णाङ्क | अवसर प्राप्त | अवसर अप्राप्त |
|---|---|---|---|---|
| १ | नेपाली | १०० | ७० | ५० |
| २ | अंग्रेजी | १०० | ६० | ४५ |
| ३ | गणित | १०० | ६० | ४० |
| ४ | सामाजिक तथा सिर्जनात्मक कला | १०० | ७२ | ५२ |
| ५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | १०० | ६७ | ४७ |
| ६ | स्थानीय विषय | १०० | ६० | ४० |

स्रोतः विद्यालय अभिलेख, २०७२

माथिको तालिकालाई रेखाचित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

चित्र १ : विषयगत औसत प्राप्ताङ्क




माथिको तालिका र स्तम्भचित्रबाट प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गर्ने बालबालिकाहरुले कक्षा १ मा प्राप्त गरेको विषयगत औसत अप्राप्त बालबालिकाको तुलनामा उच्च रहेको स्पष्ट देखिन्छ । उक्त तालिका र स्तम्भचित्रमा कक्षा १ मा समावेश ६ वटै विषयहरुमा अवसर प्राप्त बालबालिकाको र अप्राप्त बालबालिकाको औसत प्राप्ताङ्क क्रमशः नेपालीमा ७० र ५०, अंग्रेजीमा ६० र ४५, गणितमा ६० र ४०, सामाजिक तथा सि.क. मा ७२ र ५२, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षामा ६७ र ४७ र स्थानिय विषयमा ६० र ४० रहेको छ जसमध्ये अवसर प्राप्त बालबालिकाले सामाजिक तथा सि. क. मा सवैभन्दा उच्च औसत ७२ प्राप्त गरेका छन् भने यस विषयमा अवसर अप्राप्तको औसत ५२ रहेको छ । यसबाट यो स्पष्ट हुन्छ कि अवसर प्राप्त बालबालिकाहरुको सिर्जनात्मक तथा रचनात्मक क्षमता अवसर अप्राप्त बालबालिकाको तुलनामा धेरै राम्रो छ । यसबाट फ्रोबेल र मण्टेश्वरीले भने जस्तै बालमैत्री वातावरणमा हुर्काइएका बालबालिकाहरुको शैक्षिक उपलब्धि उच्च देखिएको छ ।

## ४.३ प्रारम्भिक बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिका बीच तुलना

बालविकास कार्यक्रमको अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको विद्यालयमा उपस्थितिको तुलनात्मक विश्लेषण गर्न उपस्थिति वही विश्लेषण र अभिभावकहरुको प्रतिक्रियालाई व्याख्या विश्लेषण गरिएको छ ।

### ४.३.१ उपस्थिति विश्लेषण

अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको विद्यालय उपस्थिति विवरणलाई तलको तालिकामा देखाइएको छ ।


तालिका ४ : औसत विद्यालय उपस्थिति (शै. सत्र २०७१)

| क्र. सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | औसत उपस्थिति | |
|---|---|---|---|---|
| | | | अवसर प्राप्त | अवसर अप्राप्त |
| १ | कालिका उ.मा.वि. | २०६ | १६० | |
| २ | महाकाली नि.मा.वि. | २०६ | १६२ | |
| ३ | सरस्वती प्रा.वि. | २०० | १५० | |
| ४ | सिंहदेवी प्रा. वि | १९८ | | १२५ |
| ५ | दीपेन्द्र प्रा. वि. | २०६ | | १३५ |
| ६ | कालिका मा. वि. | २०० | | १४० |

स्रोत : विद्यालयको मार्क लेजर, २०७२

उपर्युक्त तालिकालाई स्तम्भचित्रमा निम्न वमोजिम प्रस्तुत गरिएको छ ।

चित्र २ : औसत विद्यालय उपस्थिति (शै. सत्र २०७१)




माथिको तालिका र स्तम्भचित्रमा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको विद्यालयमा उपस्थिति अवसर अप्राप्तको तुलनामा धेरै राम्रो पाइयो । अध्ययन गरिएका ६ वटा विद्यालय मध्ये बालविकास कार्यक्रम सञ्चालन गरेका ३ वटा विद्यालयहरु - कालिका उ.मा.वि., महाकाली नि.मा.वि. र सरस्वती प्रा.वि. मा विद्यार्थीको औसत उपस्थिति तुलनात्मक रुपमा राम्रो (क्रमशः २०६ दिनमा १६० दिन, २०६ दिनमा १६२ दिन र २०० दिनमा १५० दिन) पाइयो । त्यस्तै प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन नगरेका ३ वटा विद्यालयहरु - सिंहदेवी प्रा. वि., दीपेन्द्र प्रा. वि. र कालिका मा. वि. मा औसत विद्यार्थी उपस्थिति तुलनात्मक रुपमा कमजोर (क्रमशः १९८ दिनमा १२५ दिन, २०६ दिनमा १३५ दिन र २०० दिनमा १४० दिन) पाइयो । अवसर प्राप्त बालबालिकाहरुको २०७१ सालको उच्च औसत उपस्थिति १६२ दिन र न्यून औसत उपस्थिति १५० दिन देखिन्छ । त्यसै गरी अवसर अप्राप्त बालबालिकाहरुको उच्च औसत उपस्थिति १४० दिन र न्यून औसत उपस्थिति १२५ दिन रहेको छ । यसबाट प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुमा विद्यालय जाने बानीको विकास गराउँछ भन्ने कुरा पुष्टि हुन्छ । फ्रोबेलले भने जस्तै स्वतन्त्रतापूर्वक पारिवारिक वातावरणमा सिक्ने अवसर पाएका बालबालिकाहरुको विद्यालय उपस्थिति उच्च देखिएको छ ।

### ४.३.२ विद्यालय जाने प्रवृत्ति

कक्षा १ मा अध्ययनरत बालबालिकाहरुको विद्यालय जाने प्रवृत्तिको सम्बन्धमा छनोटमा परेका अभिभावकहरुले दिएको प्रतिक्रियालाई निम्न तालिकामा देखाइएको छ ।


तालिका ५ : विद्यालय जाने प्रवृत्ति सम्बन्धी अभिभावकको प्रतिक्रिया

| क्र. सं. | विवरण | अवसर प्राप्त | | अवसर अप्राप्त | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | नियमित रुपमा खुशी भएर जान्छन् | १० | ८३.३३ | ३ | २५ |
| २ | फकाएर फुल्याएर पठाउनु पर्छ | २ | १६.६७ | ७ | ५८.३३ |
| ३ | दिन बिराएर जान्छन् | – | – | २ | १६.६७ |
| | जम्मा | १२ | १०० | १२ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकालाई विश्लेषण गर्दा अवसर प्राप्त बालबालिकाहरुको विद्यालय जाने बानीको विकास अवसर अप्राप्तको तुलनामा उपयुक्त भएको प्रष्ट  हुन्छ । अवसर प्राप्तका १० जना (८३.३३%) अभिभावकले आफ्नो नानीहरु नियमित रुपमा खुशी भएर विद्यालय जाने र २ जना (१६.६७%) ले फकाएर पठाउनुपर्ने जनाएका छन् । त्यसै गरी अवसर अप्राप्तका ३ जना (२५%) अभिभावकले आफ्नो नानी नियमित विद्यालय जाने, ७ जना (५८.३३%) ले फकाएर पठाउनुपर्ने र २ जना (१६.६७%) ले दिन बिराएर विद्यालय जाने कुरा जनाए । यसबाट यो स्पष्ट हुन्छ कि प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुमा विद्यालय जाने बानीको विकास गराएको  छ । तालिकाबाट प्राप्त जानकारीलाई स्तम्भचित्रको सहायताले निम्नानुसार प्रष्ट्याउन सकिन्छ ।

चित्र ३ :  विद्यालय जाने प्रवृत्ति सम्बन्धी अभिभावकको प्रतिक्रिया




## ४.३.३ सिकाइको तुलना

यस अन्तर्गत अवसर प्राप्त बालबालिकाहरुको कक्षाकोठा अवलोकन, सरसफाइ सम्बन्धी सिप विकासको अवस्था, अतिरिक्त क्रियाकलाप सम्बन्धी सिप विकासको अवस्था, सामाजिक व्यवहार सम्बन्धी सिप विकासको अवस्था, मानसिक विकासको अवस्थाको अवलोकनबाट प्राप्त सूचना र स. का., शिक्षक, अभिभावकबाट प्राप्त जानकारीको व्याख्या विश्लेषण गरिएको छ। अवलोकन गर्दा पाठ्यक्रमको आधारमा बालबालिकाहरुको सिप विकासको अवस्थालाई निम्न अनुसार वर्गीकरण गरिएको छ।

१. पाठ्यक्रममा उल्लेखित क्रियाकलापमा ६०% भन्दा बढी क्रियाकलापमा सबल बालबालिकाहरु - उत्तम
२. पाठ्यक्रममा उल्लेखित क्रियाकलापमा ३०% देखि ६०% क्रियाकलापमा सबल बालबालिकाहरु - मध्यम
३. पाठ्यक्रममा उल्लेखित क्रियाकलापमा ३०% भन्दा कम क्रियाकलापमा सबल बालबालिकाहरु - निम्न

**आधारभूत सिप विकास**

अध्ययनको क्रममा कक्षा अवलोकनबाट बालबालिकाहरुको निम्नलिखित व्यवहार र सिपको अवलोकन गरी विश्लेषण गरिएको छ ।

तालिका ६ : आधारभूत सिप विकासको अवस्था

| क्र. सं. | विषयवस्तु | अवसर प्राप्त | | | अवसर अप्राप्त | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| १ | सुनाइ सिपको विकास | १० | ४ | १ | ४ | ६ | ५ |
| २ | बोलाइ सिपको विकास | ११ | २ | २ | ५ | ७ | ३ |
| ३ | लेखाइ सिपको विकास | ८ | ५ | २ | ३ | ३ | ९ |
| ४ | सामाजिक विकास | १० | ३ | २ | ३ | ४ | ८ |
| ५ | वातावरण बुझ्ने सिपको विकास | ११ | ३ | १ | ३ | ५ | ७ |
| ६ | जिज्ञासुपनको विकास | १० | ४ | १ | ४ | ५ | ६ |
| ७ | नक्कल गर्ने सिपको विकास | १२ | २ | १ | ६ | ३ | ६ |
| ८ | संगठनात्मक सिपको विकास | ९ | ४ | २ | २ | ५ | ८ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकाको विश्लेषण गर्दा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको व्यवहार र सिप विकास अवसर अप्राप्त बालबालिकाको भन्दा राम्रो देखिन्छ । सुनाइ, बोलाइ र लेखाइ जस्ता आधारभूत सिपमा अवसर प्राप्त बालबालिका मध्ये क्रमशः १० (६६.६७%), ११ (७३.३३%), ८ (५३.३३%) जनाको उत्तम, क्रमशः ४ (२६.६७%), २ (१३.३३%), ५ (३३.३३%) को मध्यम अवस्था पाइयो । त्यसरी नै निम्न अवस्थामा क्रमशः १ (६.६७%), २ (१३.३३%) र २ (१३.३३%) जना बालबालिका पाइयो । त्यस्तै अवसर अप्राप्त बालबालिकाहरु मध्ये सुनाइ, बोलाइ र लेखाइमा क्रमशः ४ (२६.६७%), ५ (३३.३३%), ३ (२०%) जनाको उत्तम, क्रमशः ६ (४०%), ७ (४६.६७%), ३ (२०%) जनाको मध्यम र ५ (३३.३३%), ३ (२०%), ९ (६०%) को निम्न अवस्था देखियो । यसै गरी तालिकामा उल्लेखित अन्य सिपहरुमा पनि अवसर प्राप्त बालबालिका मध्ये बहुसंख्यक बालबालिकाको अवस्था उत्तम पाइएको छ ।

**आधारभूत सिपको सम्बन्धमा शिक्षकको प्रतिक्रिया**

छनौटमा परेका शिक्षकहरुले बालबालिकाहरुको सुनाइ वोलाइ, लेखाइ, पढाइ, जस्ता आधारभूत सिपको सम्बन्धमा दिएको प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ७ : आधारभूत सिपको सम्बन्धमा शिक्षकको प्रतिक्रिया

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खासै फरक छैन | - | - |
| २ | अवसर अप्राप्तको उपयुक्त छ | - | - |
| ३ | अवसर प्राप्तको उपयुक्त छ | ६ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकालाई विश्लेषण गर्दा सबै जना (१००%) शिक्षक अवसर प्राप्त बालबालिकाहरुको सुनाइ बोलाइ लेखाइ, पढाइ जस्ता सिप अवसर अप्राप्तको भन्दा उपयुक्त भएको कुरामा सहमत भएको प्रष्ट हुन्छ ।

**सरसफाइ सम्बन्धी सिप विकासको अवस्था**

बालबालिकाहरुको सरसफाइ सम्बन्धी सिप विकासको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ८ : सरसफाइ सम्बन्धी सिप विकास

| क्र. सं. | विषयवस्तु | अवसर प्राप्त | | | अवसर अप्राप्त | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| १ | व्यक्तिगत सरसफाइ | १२ | २ | १ | ५ | ४ | ६ |
| २ | कक्षाकोठा सरसफाइ | १० | ३ | २ | ६ | ५ | ४ |
| ३ | खानेकुराको सरसफाइ | ११ | २ | २ | ६ | ६ | ३ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको सरसफाइ सम्बन्धी तालिकामा व्यक्तिगत सरसफाइ, कक्षाकोठाको सरसफाइ र खानेकुराको सरसफाइ जस्ता सरसफाइ सम्बन्धी बानी व्यवहारको अध्ययन तथा विश्लेषणमा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुले अवसर अप्राप्त बालबालिकाहरुको तुलनामा बढी ध्यान दिएको पाइयो । अवसर प्राप्त बालबालिकाहरुले व्यक्तिगत सरसफाइ, कक्षाकोठाको सरसफाइ र खानेकुराको सरसफाइमा

बढी ध्यान दिएको पाइयो जहाँ छनोटमा परेका बालबालिका मध्ये क्रमशः १२ (८०%), १० (६६.६७%), ११ (७३.३३%) जनाको अवस्था उत्तम पाइयो । त्यसै गरी अवसर अप्राप्त बालबालिकाले व्यक्तिगत सरसफाइ, कक्षाकोठाको सरसफाइ र खानेकुराको सरसफाइमा कम ध्यान दिएको पाइयो जहाँ क्रमशः ५ (३३.३३%), ६ (४०%), ६ (४०%) बालबालिकाहरुको अवस्था निम्न पाइयो । स्वतन्त्र वातावरणमा सिक्ने अवसर दिएमा मात्र बालबालिकाहरुको सर्वाङ्गीण विकास हुन सक्दछ भन्ने मण्टेश्वरी शिक्षण पद्धतिको अवधारणा प्रारम्भिक बालविकासको अवसर प्राप्त बालबालिकाहरुले सरसफाइप्रति देखाएको सचेतनाले पुष्टि गरेको छ ।

**बालविकास केन्द्रमा सरसफाइ सम्बन्धी गराइने क्रियाकलाप**

तालिका ९ : सरसफाइ सम्बन्धी क्रियाकलाप

| क्रियाकलाप | प्रयोग हुने सामग्री |
|---|---|
| १. नङ काट्न | १. नेल कटर |
| २. हात मुख धुन | २. साबुन, पानी |
| ३. कपाल कोर्न | ३. काइंयो |
| ४. दाँत माझ्न | ४. ब्रश, दन्तमञ्जन |
| ५. कक्षाकोठा सफा गर्न | ५. झाडु, फोहोर फ्याँक्ने |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

छनौटमा परेका बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले नङ काट्ने, हात मुख धुने, कपाल कोर्ने, दाँत माझ्ने जस्ता अभ्यास गर्न लगाएको पाइयो जसबाट अवसर प्राप्त बालबालिकाहरु व्यक्तिगत सरसफाइका क्रियाकलापहरुमा अभ्यस्त भएको पाइयो ।

**सरसफाइ सम्बन्धी अभिभावकको प्रतिक्रिया**

बालबालिकाहरुले दैनिक रुपमा गर्नुपर्ने सरसफाइका क्रियाकलापको सम्बन्धमा छनोटमा परेका अभिभावकले दिएको प्रतिक्रियालाई निम्न तालिकामा देखाइएको छ ।

तालिका १० : सरसफाइ सम्बन्धी अभिभावकको प्रतिक्रिया

| क्र.सं. | विवरण | अवसर प्राप्त | | अवसर अप्राप्त | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | स्वतस्फूर्त नियमित गर्छ | १० | ८३.३३ | २ | १६.६७ |
| २ | दैनिक सम्झाउनु र अह्राउनु पर्छ | २ | १६.६७ | ४ | ३३.३३ |
| ३ | कहिलेकाहीं मात्र गर्छ | – | | ६ | ५०.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकालाई विश्लेषण गर्दा अवसर प्राप्तका १० जना (८३.३३%) अभिभावकले आफ्नो नानी स्वतस्फूर्त नियमित रुपमा सरसफाइका व्यक्तिगत क्रियाकलाप गर्ने र २ जना (१६.६७%) ले दैनिक सम्झाउनु अह्राउनु पर्ने जनाएका छन् । त्यसै गरी अवसर अप्राप्तका २ जना (१६.६७%) ले स्वतस्फूर्त नियमित रुपमा गर्ने, ४ जना (३३.३३%) ले दैनिक सम्झाउनु र अह्राउनु पर्ने र ६ जना (५०%) ले कहिलेकाहीं मात्र गर्ने जानकारी दिएका थिए । यसबाट प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरु अवसर अप्राप्त भन्दा सरसफाइका क्रियाकलापमा निपुण हुने प्रष्ट हुन्छ ।

**अतिरिक्त क्रियाकलाप सम्बन्धी सिप विकासको अवस्था**

प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको अतिरिक्त क्रियाकलाप सम्बन्धी सिप विकासमा पारेको प्रभावलाई अध्ययन गर्न स्थलगत सर्भेक्षणबाट प्राप्त सूचनालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ११ : अतिरिक्त क्रियाकलाप सम्बन्धी सिप विकास

| क्र.सं. | विषयवस्तु | अवसर प्राप्त | | | अवसर अप्राप्त | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| १ | खेल्ने सिप | ९ | ४ | २ | २ | ८ | ५ |
| २ | गीत गाउने सिप | १० | २ | ३ | ३ | ५ | ७ |
| ३ | नाच्ने सिप | ९ | ५ | १ | ५ | ४ | ६ |
| ४ | चित्र बनाउने सिप | १० | २ | ३ | २ | ७ | ६ |
| ५ | अभिनय गर्ने सिप | १० | ३ | २ | ३ | ८ | ४ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकाबाट प्रारम्भिक बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरु अतिरिक्त क्रियाकलापका विभिन्न सिपहरु जस्तै : खेल्ने सिप, गीत गाउने सिप, नाच्ने सिप, चित्र बनाउने सिप र अभिनय गर्ने सिपमा अवसर नपाएका बालबालिकाको तुलनामा उच्च रहेको स्पष्ट हुन्छ । प्राप्त तथ्याङ्क अनुसार अवसर प्राप्त बालबालिकाहरु मध्ये अधिकांश बालबालिकाहरु अतिरिक्त क्रियाकलापमा उत्तम रहेको पाइयो जहाँ खेल्ने, गीत गाउने र नाच्ने सिपमा क्रमशः ९ जना (६०%), १० जना (६६.६७%), ९ जना (६०%) बालबालिकाको अवस्था उत्तम, क्रमशः ४ जना (२६.६७%), २ जना (१३.३३%), ५ जना (३३.३३%) को अवस्था मध्यम पाइयो । त्यसै गरी चित्र बनाउने र अभिनय गर्ने सिपमा क्रमशः १० जना (६६.६७%), १० जना (६६.६७%) अवसर प्राप्त बालबालिकाको अवस्था उत्तम छ भने क्रमशः २ जना (१३.३३%), ३ जना (२०%) मात्र अवसर अप्राप्त बालबालिकाको अवस्था उत्तम पाइयो । उक्त सिपमा अवसर अप्राप्त बालबालिका मध्ये क्रमशः ६ (४०%), ४ (२६.६७%) जनाले निम्न क्षमता प्रकट गरेका थिए । मण्टेश्वरीले भनेकी छिन् ज्ञानको प्रवेशद्वार नै ज्ञानेन्द्रिय भएकोले ज्ञानेन्द्रियलाई विशेष तालिम दिनु पर्दछ । यसरी तालिमको व्यवस्था गर्नाले शरीरका इन्द्रियहरु मजवुत बन्दै जान्छन् र बालकलाई पूर्ण हुन निकै सघाउ पुऱ्याउँदछ । प्रारम्भिक बालविकास कार्यक्रमका बालबालिकाले पनि खेल विधिबाट सिक्ने अवसर पाएकाले उनीहरुको इन्द्रियहरु मजवुत भएको र अतिरिक्त क्रियाकलापमा अवसर अप्राप्त बालबालिका भन्दा सबल रहेको देखिएको छ ।

**अतिरिक्त क्रियाकलाप सम्बन्धमा अभिभावकको प्रतिक्रिया**

बालबालिकाहरुले फुर्सदको समयमा अतिरिक्त क्रियाकलापमा सहभागी हुने प्रवृत्तिको सम्बन्धमा अभिभावकबाट प्राप्त प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ ।

तालिका १२ : अतिरिक्त क्रियाकलाप सम्बन्धमा अभिभावकको प्रतिक्रिया

| क्र. सं. | विवरण | अवसर प्राप्त | | अवसर अप्राप्त | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | खेल्ने | ५ | ४१.६७ | ७ | ५८.३३ |
| २ | गीत गाउने | ७ | ५८.३३ | ४ | ३३.३३ |
| ३ | नाच्ने | ६ | ५० | ३ | २५ |
| ४ | चित्र बनाउने | ७ | ५८.३३ | २ | १६.६७ |
| ५ | अभिनय गर्ने | ६ | ५० | ३ | २५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकालाई व्याख्या विश्लेषण गर्दा छनौटमा परेका अवसर प्राप्त बालबालिकाहरुका अभिभावकहरु मध्ये आफ्नो नानीहरु फुर्सदमा ४१.६७% ले खेल्ने, ५८.३३% ले गाउने, ५०% ले नाच्ने, ५८.३३% ले चित्र बनाउने र ५०% ले अभिनय गर्ने क्रियाकलापमा संलग्न हुने जनाएको कुरा स्पष्ट हुन्छ । त्यसै गरी अवसर अप्राप्तका ५८.३३% अभिभावकहरुले आफ्नो नानीहरु फुर्सदमा खेल्ने कुरा जनाएका छन् भने अन्य क्रियाकलापमा कम सहभागी हुने कुरा जनाएका छन् । यसबाट यो स्पष्ट हुन्छ कि प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुको अतिरिक्त क्रियाकलापमा सहभागिताको वृद्धि गरेको छ ।

**बालबालिकाको सामाजिक विकासको अवस्था**

प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त र अवसर अप्राप्त बालबालिकाहरुको सामाजिक विकासको अवस्था तुलना गर्न स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्याङ्कहरुलाई निम्न अनुसारका तालिकामा देखाइएको छ ।

तालिका १३ : सामाजिक व्यवहार सम्बन्धी सिप विकास

| क्र. सं. | विषयवस्तु | अवसर प्राप्त | | | अवसर अप्राप्त | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| १ | अरुलाई आदर गर्ने सिप | ११ | ३ | १ | ६ | ४ | ५ |
| २ | आफूभन्दा सानालाई माया गर्ने सिप | १२ | २ | १ | ५ | ५ | ५ |
| ३ | मिलेर बस्ने सिप | १३ | १ | १ | ६ | ५ | ४ |
| ४ | आफ्नो परिवारको नाम भन्ने सिप | १२ | २ | १ | ५ | ४ | ६ |
| ५ | आफ्नो साथीहरुको नाम भन्ने सिप | १४ | १ | – | ६ | ४ | ५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकाबाट प्रारम्भिक बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरुको सामाजिकीकरण अवसर नपाएका बालबालिकाहरुको तुलनामा सबल भएको पुष्टि हुन्छ । छनौटमा परेका बालबालिका मध्ये क्रमशः १२ जना (८०%), १४ जना (९३.३३%) जना अवसर प्राप्त बालबालिकाले आफ्नो परिवारका सदस्य र साथीहरुको नाम स्पष्ट भनेका थिए । त्यसै गरी अरुलाई आदर गर्ने र मिलेर बस्ने सिपमा क्रमशः ११ जना (७३.३३%), १३ जना (८६.६७%) जना अवसर प्राप्त बालबालिकाहरुले उच्च क्षमता राखेका थिए भने आफूभन्दा सानालाई माया गर्ने सिपमा १२ (८०%) जनाले उच्च क्षमता देखाएका थिए । अर्कोतर्फ बालविकासको अवसर अप्राप्त बालबालिका मध्ये अरुलाई आदर गर्ने, आफूभन्दा सानालाई माया गर्ने, मिलेर बस्ने, आफ्नो परिवारको नाम भन्ने र साथीहरुको नाम भन्ने सिपमा क्रमशः ६ जना (४०%), ५ जना (३३.३३%), ६ जना (४०%), ५ जना (३३.३३%) र ६ जना (४०%) ले उच्च क्षमता देखाएका थिए भने क्रमशः ५ जना (३३.३३%), ५ जना (३३.३३%), ४ जना (२६.६७%), ६ जना (४०%) र ५ जना (३३.३३%) को अवस्था निम्न पाइयो । शिक्षाले मानिसलाई आत्मनिर्भर योग्य र सामाजिक नागरिक बनाउँछ भन्ने अवधारणा प्रारम्भिक बालविकास कार्यक्रमका अवसर प्राप्त बालबालिकामा देखिएको सामाजिक विकासबाट पुष्टि भएको छ ।

**मानसिक विकासको अवस्था**

प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको मानसिक विकासको अवस्थालाई निम्नानुसारका तालिकामा देखाइएको छ ।

तालिका १४ : मानसिक विकासको अवस्था

| क्र. सं. | विषयवस्तु | अवसर प्राप्त | | | अवसर अप्राप्त | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| १ | सिर्जनात्मकताको विकास | १० | ४ | १ | ३ | ३ | ९ |
| २ | जिज्ञासुपनको विकास | ११ | २ | २ | २ | ३ | १० |
| ३ | काल्पनिकताको विकास | ११ | ३ | १ | १ | ३ | ११ |
| ४ | तार्किक चिन्तन सिपको विकास | ९ | ३ | ३ | १ | २ | १२ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको मानसिक विकासको अवस्था अवसर अप्राप्त बालबालिकाहरुको तुलनामा उच्च छ । अवसर प्राप्त बालबालिकाहरुमा सिर्जनात्मकताको विकास, जिज्ञासुपनको विकास, काल्पनिकताको विकास र तार्किक चिन्तन गर्ने सिपको विकास क्रमशः १० जना (६६.६७%), ११ जना (७३.३३%), ११ जना (७३.३३%), ९ जना (६०%) को उत्तम भएको पाइयो भने निम्न अवस्थाका बालबालिकाहरु क्रमशः १ जना (६.६७%), २ जना (१३.३३%), १ जना (६.६७%), ३ जना (२०%) थिए । त्यसै गरी अवसर अप्राप्त बालबालिकाहरु मध्ये सिर्जनात्मकताको विकास, जिज्ञासुपनको विकास, काल्पनिकताको विकास, तार्किक चिन्तनको आधारमा कारण दिने उत्तम अवस्थाका बालबालिकाहरु क्रमशः ३ जना (२०%), २ जना (१३.३३%), १ जना (६.६७%), १ जना (६.६७%), पाइयो भने निम्न अवस्थाका क्रमशः ९ जना (६०%), १० जना (६६.६७%), ११ जना (७३.३३%) र १२ जना (८०%) बालबालिका थिए । यसबाट प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको मानसिक विकासमा यथेष्ठ सहयोग पुऱ्याएको देखिन्छ ।

## ४.४ प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरु

प्रारम्भिक बाल्यावस्थाका बालबालिकाहरुमा सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक पक्षको विकास गरी राष्ट्रका निम्ति कर्णधार बालबालिकाहरुको हकहित संरक्षण एवं अधिकारको संवर्द्धन गर्न तथा वातावरणीय सामञ्जस्य कायम गर्दै बाँच्नका लागि सामाजिक रुपमा घुलमिल हुने, आधारभूत सिपको विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको प्रारम्भिक बालविकास कार्यक्रम बालबालिकाको सर्वाङ्गीण विकासका लागि निकै उपयोगी

देखियो । यद्यपि यो कार्यक्रम सञ्चालन गर्न त्यति सजिलो छैन । छनौटमा परेका बालविकास केन्द्रहरुले विभिन्न समस्याहरुसँग संघर्ष गर्दै यो कार्यक्रम सञ्चालन गरेको पाइयो । अध्ययनको क्रममा सहयोगी कार्यकर्ता, केन्द्र व्यवस्थापन समिति, अभिभावकहरुसँगको छलफल तथा स्थलगत अवलोकनबाट प्राप्त सूचनाका आधारमा कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### उपयुक्त फर्निचरको अभाव

२ वटा केन्द्रमा डेस्क तथा बेञ्च पर्याप्त भए पनि उनीहरुको उमेर सुहाउँदो र आरामदायी नभएको पाइयो । बाँकी १ वटा केन्द्रमा पर्याप्त मात्रामा कार्पेटको व्यवस्था भएको पाइयो ।

### खेल मैदान र बगैंचाको समस्या

अध्ययनका लागि छनौट गरिएका बालविकास केन्द्रको छुट्टै खेल मैदान नभएकाले बालबालिकाहरुलाई स्वतन्त्र रुपमा खेल खेल्न बाधा पुगेको देखियो । विद्यालयको प्राङ्गणलाई नै खेलमैदानको रुपमा उपयोग गर्ने गरेको र उक्त प्राङ्गणमा विद्यालयका अन्य विद्यार्थीहरु समेत आवत जावत गर्ने भएकाले कठिनाइ भएको पाइयो । त्यसरी नै २ वटा केन्द्रमा सामान्य बगैंचा भएको पाइयो । बाँकी १ वटा केन्द्रमा बगैंचा तथा फूलवारी पाइएन ।

### शैक्षिक सामग्रीको अभाव

बालविकास केन्द्रहरुमा जि.शि.का.ले दिएको शैक्षिक सामग्री बाहेक १ वटा केन्द्रमा मात्र बालविकास केन्द्रले खरीद गरेका र सहयोगी कार्यकर्ताले सङ्कलन गरेका शैक्षिक सामग्री उपलब्ध छन् । सीमित सामग्रीको प्रयोगले पाठ्यक्रममा निर्दिष्ट सम्पूर्ण क्रियाकलाप गराउन नसकिने कुरामा सवै सहयोगी कार्यकर्ताको एकमत पाइयो ।

**खेल सामग्रीको अभाव**

नमुना छनौटमा परेका बालविकास केन्द्रमा पर्याप्त मात्रामा खेल सामग्री उपलब्ध छैनन् । थोरै सामग्रीको प्रयोगबाट बालबालिकालाई खेलाउन धेरै समय पर्खनुपर्ने कुरा सहयोगी कार्यकर्ताले जनाएका छन् ।

**अभिभावक शिक्षाको अभाव**

प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी निर्देशिकाले परिच्छेद ३ मा प्रारभिक बालविकास उमेरका बालबालिकाका अभिभावकहरुलाई लक्षित गरी सम्बन्धित निकायले आ-आफ्नो कार्यक्षेत्रभित्र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । यस अध्ययनको क्रममा सम्बन्धित अभिभावकहरुबाट प्राप्त जानकारी अनुसार कुनै पनि निकायले अभिभावक शिक्षा सञ्चालन गरेको पाइएन । फलस्वरुप अभिभावकहरु आफ्नो कर्तव्य, अधिकार, दायित्वबोध बारेमा सचेत रहेको पाइएन ।

**सहयोगी कार्यकर्तालाई तालिमको अपर्याप्तता**

कलिला बालबालिकाहरुको बालमनोविज्ञानलाई बुझेर शिक्षण गर्दा मात्र बालबालिकाको सिकाइ अर्थपूर्ण हुन्छ । छनौटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई जि. शि. का. ले ६ दिने आधारभूत तालिम प्रदान गरे पनि उक्त तालिम पर्याप्त नभएको कुरा सम्बन्धित सहयोगी कार्यकर्ताले जनाएका छन् ।

**सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यून हुनु**

नमुना छनौटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ता काम गरे वापत पाएको पारिश्रमिकप्रति सन्तुष्ट भएका छैनन् । दैनिक ४/५ घण्टा काम गर्दा प्राप्त भएको पारिश्रमिकले बिहान बेलुका हात मुख जोड्न पनि धौ धौ पर्ने भएकाले आफ्नो पेशाप्रति कार्यकर्ताहरु निराश भएको पाइयो । काम गरे वापत पाइने पारिश्रमिकले आफ्नो जीवन निर्वाह हुन नसक्ने चिन्ताले ग्रस्त भइरहँदा बालबालिकाहरुको विकासमा दत्तचित्त भई लागिपर्न नसकिएको कुरा सहयोगी कार्यकर्ताले बताएका छन् । सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक न्यून भएका कारण प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयन पक्षमा गम्भीर सङ्कट देखा परेको पाइयो ।

**निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमनको अभाव**

प्रारम्भिक बालविकास कार्यक्रममा बालबालिकाहरुको चौतर्फी विकासको लागि सञ्चालन गरिने क्रियाकलापहरु कति प्रभावकारी भएका छन् वा छैनन्, सहयोगी कार्यकर्ता नियमित उपस्थित भएर पाठ्यक्रममा निर्दिष्ट भए वमोजिमका क्रियाकलापहरु सञ्चालन गरेका छन् या छैनन्, ती क्रियाकलाप सञ्चालन गर्न के कस्ता कठिनाइहरुको सामना गर्नु परेको छ, त्यसलाई कसरी सुधार गर्न सकिन्छ र साथै बालविकास केन्द्रको भौतिक अवस्था उपयुक्त छ या छैन भन्ने सम्बन्धमा सम्बन्धित निकायबाट पर्याप्त निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमन नभएका कारण कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न समस्या परेको देखिन्छ । व्यवस्थापन समितिका अध्यक्ष बाहेक अन्य निकायबाट नियमित अनुगमन नभएको पाइयो ।

**आर्थिक अभाव**

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा आर्थिक अभाव एक टड्कारो समस्याको रुपमा उभिएको छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक वापत जि. शि. का. ले प्रति महिना रु ३०००।- प्रदान गर्ने गरेको, वार्षिक रुपमा शैक्षिक सामग्री खरीद गर्न रु १०००।- प्रदान गर्ने गरेको सहयोगी कार्यकर्ताहरुले जनाएका छन् । उक्त अनुदान अत्यन्त कम भएको कुरामा सबै सहयोगी कार्यकर्ताहरु सहमत भएका छन् । १ वटा केन्द्रलाई स्थानीय गा. वि. स. ले कार्पेट खरीद गरिदिएको छ । यस बाहेक अन्य सम्पूर्ण कार्यक्रम सञ्चालन खर्च केन्द्रले व्यहोर्दै आएको पाइएको छ । आवश्यक रकमको अभावमा कार्यक्रम सञ्चालन निर्देशिकामा उल्लेखित पूर्वाधार निर्माण गर्न नसकिएको कुरा सहयोगी कार्यकर्ताहरुले जनाएका छन् ।

## ४.५ प्राप्ति

प्रारम्भिक बालविकास कार्यक्रमबाट सिकाइ उपलब्धि शीर्षकको यस अध्ययनमा ताप्लेजुङ जिल्लाको थेचम्बू स्रोतकेन्द्र अन्तर्गत सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका ३ वटा र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन नगरेका ३ वटा सामुदायिक विद्यालयहरुको स्थलगत अध्ययन, तथ्याङ्कको व्याख्या विश्लेषण र

सरोकारवालाहरुको प्रतिक्रियाबाट प्राप्त जानकारीको आधारमा पाइएको प्राप्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको नेपाली भाषा, गणित, अंग्रेजी, सामाजिक तथा सिर्जनात्मक कला, विज्ञान, स्वास्थ्य र शारिरिक शिक्षा र स्थानीय विषयमा कक्षा १ मा प्राप्त गरेको प्राप्ताङ्कको औसत प्रारम्भिक बालविकास कार्यक्रमको अवसर नपाई विद्यालयमा प्रवेश गरेका बालबालिकाहरुको कक्षा १ मा प्राप्त गरेको प्राप्ताङ्कको औसतभन्दा उच्च छ ।

प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको विद्यालयमा औसत उपस्थिति प्रारम्भिक बालविकास कार्यक्रमको अवसर अप्राप्त बालबालिकाहरुको विद्यालयमा उपस्थितिभन्दा उच्च रहेको छ ।

अवसर प्राप्त बालबालिकाहरुको बोलाइ, सुनाइ, लेखाइ, सामाजिक वातावरण बुझ्ने, जिज्ञासुपन, नक्कल गर्ने र संगठनात्मक सोचाइ जस्ता सीप अवसर अप्राप्त बालबालिकाहरुको भन्दा सबल रहेको पाइएको छ ।

सरसफाइ सम्बन्धी सिप विकासको अवस्थामा अवसर प्राप्त बालबालिकाहरुको व्यक्तिगत, कक्षाकोठा र खानेकुराको सरसफाइ अवसर अप्राप्त बालबालिकाहरुको भन्दा राम्रो पाइयो । अवसर प्राप्त बालबालिकाहरुमा अतिरिक्त क्रियाकलाप सम्बन्धी सिप - खेल्ने, गीत गाउने, चित्र बनाउने र अभिनय गर्ने सिप अवसर अप्राप्तको भन्दा उच्च रहेको पाइयो ।

अवसर प्राप्त बालबालिकाहरु सामाजिक विकासका सूचकहरु - अरुलाई आदर गर्ने, आफूभन्दा सानाप्रति माया गर्ने, मिलेर बस्ने, आफ्नो परिवारको सदस्यको नाम भन्ने, आफ्नो साथीहरुको नाम भन्ने सिपमा अप्राप्तको तुलनामा राम्रो भएको पाइयो ।

अवसर प्राप्त बालबालिकाको सृजनात्मकताको विकास, जिज्ञासुपनको विकास, काल्पनिकताको विकास, तार्किक चिन्तनको आधारमा ठूलो सानो, राम्रो नराम्रो भनी कारण दिने सिपको विकास जस्ता मानसिक विकासको अवस्था अवसर अप्राप्तको तुलनामा उच्च छ ।

सहयोगी कार्यकर्ताको लैङ्गिक अवस्थालाई हेर्दा नमूना छनौटमा परेका सबै बालविकास केन्द्रहरुमा महिला सहयोगी कार्यकर्ता नियुक्त गरेको पाइयो ।

सबै बालविकास केन्द्रहरुमा जिल्ला शिक्षा कार्यालयले दिएका शैक्षिक सामग्री उपलब्ध थिए भने १ वटा केन्द्रमा त्यस अतिरिक्त विद्यालयले खरीद गरेका र सहयोगी कार्यकर्ताले सङ्कलन गरेका शैक्षिक सामग्री समेत उपलब्ध थिए ।

नमूना छनोटमा परेका सबै बालविकास केन्द्रहरुमा कार्यक्रम सञ्चालनको लागि १-१ वटा कोठा रहेको पाइयो । दुईवटा बालविकास केन्द्रमा बालबालिकाहरुलाई बस्नको लागि डेस्क बेञ्चको व्यवस्था भएको पाइयो भने एकवटा केन्द्रमा कार्पेटको व्यवस्था गरेको पाइयो ।

छनोटमा परेका सवै बालविकास केन्द्रहरु विद्यालय भवनको एउटा छुट्टै कोठामा सञ्चालन भएको र विद्यालयको प्राङ्गणलाई खेलमैदानको रुपमा प्रयोग गरेको पाइयो । छनोटमा परेका मध्ये २ वटा बालविकास केन्द्रमा बगैंचा भएको पाइयो ।

सबै बालविकास केन्द्रहरुमा शौचालय भएको र दुईवटा बालविकास केन्द्रहरुमा छात्र, छात्रा र सहयोगी कार्यकर्ताको लागि छुट्टाछुट्टै शौचालयको प्रयोग गरेको पाइयो । सबै बालविकास केन्द्रहरुमा उपयुक्त पीउने पानीको व्यवस्था भएको पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

यस शोधपत्रमा प्रारम्भिक बालविकास कार्यक्रमबाट सिकाइ उपलब्धिको अध्ययन गरिएको छ । यस अध्ययनको क्रममा प्राप्त गरेका सूचना तथा जानकारीको आधारमा निम्नलिखित निष्कर्ष निकालिएको छ ।

प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुको शैक्षिक विकास, मानसिक विकास र सामाजिक विकासमा उल्लेख्य सहयोग पुऱ्याएको छ । प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुमा विद्यालय जाने बानीको विकास गराएको छ । प्रारम्भिक बालविकास कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह भएको छ । बालविकास केन्द्रहरुमा सम्बन्धित काममा तालिम पाएका कर्मचारी छैनन् । कर्मचारीहरुलाई प्रदान गरिने सेवा सुविधा र सामग्रीको लागि अनुदान अपर्याप्त छ । बाल अधिकार शिक्षा कार्यक्रम सम्वद्ध पक्षमा चलाइएको छैन । अनुगमन र सुपरीवेक्षण अपर्याप्त छ ।

## ५.२ सुझावहरु

यस अध्ययनबाट प्राप्त निष्कर्ष र परिणामलाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास कार्यक्रमलाई अझ बढी सशक्त बनाउन र कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नको लागि निम्न वमोजिमको सुझावहरु प्रस्तुत गरिन्छ ।

### ५.२.१ नीति निर्माण तह

प्रारम्भिक बालविकास कार्यक्रमको विकास र विस्तारमा सरकारले उपयुक्त नीति बनाई व्यापक जोड दिनुपर्ने देखिन्छ ।

बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको संख्या, सहयोगी कार्यकर्तालाई पारिश्रमिक र शैक्षिक सामग्री खरीद गर्न दिइने सरकारी अनुदान बढाउनु पर्दछ ।

बालविकास केन्द्रको भौतिक पूर्वाधारको विकासमा स्थानीय निकायलाई संलग्न गराउने नीति बनाई लागू गरिनु पर्दछ ।

बालविकास केन्द्र सञ्चालनका लागि न्यूनतम भौतिक सुविधाको मापदण्ड निर्माण गरी सो मापदण्ड पूरा गरेपछि मात्र सञ्चालन अनुमति प्रदान गर्ने नियम बनाई लागू गरिनु पर्दछ ।

विद्यालय शिक्षाको जगको रुपमा पूर्व प्राथमिक शिक्षालाई विद्यालय शिक्षाको अनिवार्य तहको रुपमा विकास गरी प्रारम्भिक बालविकास कार्यक्रमबाट दिइने शिक्षालाई विद्यालय शिक्षामा गाभ्ने नीति निर्माण गरिनु आवश्यक छ ।

प्रारम्भिक बालविकास कार्यक्रमका सहयोगी कार्यकर्ताहरुको नियुक्ति, सेवा र शर्त बारेमा आवश्यक नीति नियमको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।

प्रारम्भिक बालविकास कार्यक्रममा कार्यरत सहयोगी कार्यकर्ताहरुलाई प्राथमिक शिक्षक सरह पारिश्रमिक दिइने कानुनी व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालय शिक्षाको कक्षा १ मा भर्ना हुनु अगावै सम्पूर्ण ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरुलाई यस कार्यक्रममा सहभागी गराउनु पर्दछ ।

सहयोगी कार्यकर्ताको दक्षता अभिवृद्धि गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट १ देखि ३ महिनासम्मको सेवाकालीन तालिम दिइनु पर्दछ ।

समय समयमा जिल्ला शिक्षा कार्यालय तथा सम्बन्धित स्रोतकेन्द्रबाट सहयोगी कार्यकर्ताहरुको पुनर्ताजगीकरण तालिम कार्यक्रम तथा शिक्षण सिकाइमा आएका नयाँ नयाँ प्रविधिहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

प्रारम्भिक बालविकास कार्यक्रमका बालबालिकाहरुका अभिभावकहरुलाई सचेतना जगाउन अभिभावक शिक्षा कार्यक्रमको विस्तारमा व्यापक जोड दिनु पर्दछ ।

बालविकास केन्द्रमा देखिएको भौतिक तथा शैक्षिक समस्यालाई निराकरण गर्न जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षकहरु, स्रोतव्यक्तिहरु तथा विद्यालय व्यवस्थापन समितिबाट अनुगमन र सुपरीवेक्षण प्रक्रियालाई नियमित र प्रभावकारी बनाउनु पर्दछ ।

गाउँ शिक्षा समितिको पहलमा गा. वि. स. स्तरीय संयन्त्र बनाई बालविकास केन्द्रको अनुगमन र निरीक्षणमा सो संयन्त्रलाई परिचालन गर्नु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

प्रारम्भिक बालविकास कार्यक्रमबाट बालबालिकाको सिकाइमा देखिएका सकारात्मक परिवर्तनहरुमा केन्दित भई सम्पन्न गरिएको यस अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रमका बहुआयमिक गतिविधिहरु मध्ये व्यवस्थापन पक्षलाई मात्र समेटेको छ । यसका अतिरिक्त विभिन्न पक्षहरुमा अध्ययन अनुसन्धान गर्न भावी अध्येताहरुलाई यसले मार्ग प्रशस्त गरेको छ । भावी दिनमा प्रारम्भिक बालविकास कार्यक्रमबाट जीवनोपयोगी शिक्षा, बालविकास केन्द्रको भौतिक अवस्था, नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको वर्तमान अवस्था, प्रारम्भिक बालविकास कार्यक्रमको शैक्षिक उपलब्धि, प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन र सिकाइमा यसको प्रभाव जस्ता विषयवस्तुमा केन्द्रित भई अध्ययन अनुसन्धान गर्न सकिने सुझाव प्रस्तुत गरिएको छ ।

# सन्दर्भ सामग्री


खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : स्टुडेण्टस बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

गौतम, नवराज (२०६४), *प्रारम्भिक बालशिक्षा कार्यक्रमले बालबालिकाहरुको सिकाइमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौं : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कीर्तिपूर ।

ढकाल, माधवप्रसाद, कोइराला, मातृकाप्रसाद (२०६३), *शिक्षाका आधारहरु,* काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

नेपाल सरकार (२०६१), *प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका,* भक्तपुर : शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग सानोठिमी ।

नेपाल सरकार (२०६२), *प्रारम्भिक बालविकास दिग्दर्शन,* भक्तपुर : शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग सानोठिमी ।

नेपाल सरकार (२०७०), *फ्ल्यास रिपोर्ट २०७०,* भक्तपुर : शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

नेपाल सरकार (२०६७), *शिक्षा ऐन तथा नियमावली (२०५९),* काठमाण्डौ : बौद्धिक दर्पण प्रकाशन पुतली सडक ।

न्यौपाने, प्रभादेवी (२०६३), *पूर्व प्राथमिक पाठ्यक्रम कार्यान्वयनको अवस्था एक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौं : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कीर्तिपूर ।

पौड्याल, तेजस्वी (२०६६), *प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), मोरङ : सुकुना बहुमुखी क्याम्पस ।

मल्ल, कोमलवदन, भोमी, अरविन्दलाल र श्रेष्ठ, प्रकाशमान (२०५४), *प्रारम्भिक बाल्यावस्था विकासको सिद्धान्त,* काठमाडौं : डीन कार्यालय, शिक्षाशास्त्र संकाय, त्रि.वि. कीर्तिपूर ।

मैनाली, गोपीनाथ (२०६०), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु प्रकाशन, पुतली सडक ।

रेग्मी, मुरारीप्रसाद, श्रेष्ठ, रीता (२०६१), *कक्षाकोठाहरुमा मनोविज्ञान,* काठमाडौं : न्यू हीरा बुक्स इण्टरप्राइजेज, कीर्तिपूर ।

शर्मा, डम्बरुबल्लभ (२०६८), *प्रारम्भिक बालविकास कार्यक्रमले सिकाइ वातावरणमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इलाम : महेन्द्र रत्न बहुमुखी क्याम्पस ।

# अनुसूची १

## प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

### छनोटमा परेका विद्यालय्र र ठेगाना

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री कालिका उच्च माध्यमिक विद्यालय | नाङखोल्याङ | बा.वि. सञ्चालन भएको |
| २ | श्री महाकाली निम्न माध्यमिक विद्यालय | थेचम्बू | बा.वि. सञ्चालन भएको |
| ३ | श्री सरस्वती प्राथमिक विद्यालय | फावाखोला | बा.वि. सञ्चालन भएको |
| ४ | श्री सिंहदेवी प्राथमिक विद्यालय | नाङखोल्याङ | बा.वि. सञ्चालन नभएको |
| ५ | श्री दीपेन्द्र प्राथमिक विद्यालय | फावाखोला | बा.वि. सञ्चालन नभएको |
| ६ | श्री कालिका माध्यमिक विद्यालय | तिरिङ्गे | बा.वि. सञ्चालन नभएको |

# अनुसूची २

## प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

### बालबालिकाहरुको विषयगत प्राप्ताङ्क फारम

कक्षा : १ (एक) शैक्षिक वर्ष : २०७१

| क्र. सं. | विषय | पूर्णाङ्क | औसत प्राप्ताङ्क | |
|---|---|---|---|---|
| | | | अवसर प्राप्त बालबालिका | अवसर अप्राप्त बालबालिका |
| १ | नेपाली | | | |
| २ | गणित | | | |
| ३ | अंग्रेजी | | | |
| ४ | सामाजिक तथा सि.क. | | | |
| ५ | विज्ञान तथा स्वास्थ्य र शारीरिक शिक्षा | | | |
| ६ | स्थानीय विषय | | | |

# अनुसूची ३

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## बालबालिकाहरुको विद्यालय उपस्थिति फारम

विद्यालयको नाम :

कक्षा : १ (एक) शैक्षिक वर्ष : २०७१

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालय खुलेको दिन | जम्मा उपस्थिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ४

## प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

### बालबालिकाको कक्षा अवलोकन फारम

विद्यालयको नाम : कक्षा : १ (एक) शैक्षिक वर्ष : २०७१

| क्र.सं. | विद्यार्थीको नाम | विषयवस्तु | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बोलाइ सिप | | | सुनाइ सीप | | | लेखाइ सीप | | | सामाजिक विकास | | | वातावरण बुझ्ने सीप | | | जिज्ञासुपन | | | नक्कल गर्ने सीप | | | संगठनात्मक सोचाइ | | |
| | | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | १ |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |

उत्तम = ३, मध्यम = २, निम्न = १

# अनुसूची ५

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## बालबालिकाहरुको सरसफाइ सम्बन्धी अवलोकन फारम

विद्यालयको नाम :

कक्षा : १ (एक) शैक्षिक वर्ष : २०७१

| क्र.सं. | विषयवस्तु | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १ | व्यक्तिगत सरसफाइ | | | |
| २ | कक्षाकोठाको सरसफाइ | | | |
| ३ | खानेकुराको सरसफाइ | | | |

# अनुसूची ६

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकासको अवलोकन फारम

विद्यालयको नाम :

कक्षा : १ (एक) शैक्षिक वर्ष : २०७१

| क्र.सं. | विषयवस्तु | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १ | खेल्ने सीप | | | |
| २ | गीत गाउने सीप | | | |
| ३ | नाच्ने सीप | | | |
| ४ | चित्र बनाउने सीप | | | |
| ५ | अभिनय गर्ने सीप | | | |

# अनुसूची ७

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## बालबालिकाहरुको सामाजिक व्यवहारको अवलोकन फारम

विद्यालयको नाम :

कक्षा : १ (एक) शैक्षिक वर्ष : २०७१

| क्र.सं. | विषयवस्तु | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १ | अरुलाई आदर गर्ने सीप | | | |
| २ | आफूभन्दा सानाप्रति माया गर्ने सीप | | | |
| ३ | मिलेर बस्ने सीप | | | |
| ४ | आफ्नो परिवारको नाम भन्ने सीप | | | |
| ५ | आफ्नो साथीहरुको नाम भन्ने सीप | | | |

# अनुसूची ८

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## बालबालिकाहरुको मानसिक विकासको अवलोकन फारम

विद्यालयको नाम :

कक्षा : १ (एक) शैक्षिक वर्ष : २०७१

| क्र.सं. | विषयवस्तु | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १ | सिर्जनात्मकताको विकास | | | |
| २ | जिज्ञासुपनको विकास | | | |
| ३ | काल्पनिकताको विकास | | | |
| ४ | तार्किक चिन्तनको आधारमा ठूलो सानो राम्रो नराम्रो भनी कारण दिने सीपको विकास | | | |

# अनुसूची ९

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## कक्षाकोठाको सर्भेक्षण फारम

| क्र. सं. | बालविकास केन्द्रको नाम | लम्बाइ | चौडाइ | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

# अनुसूची १०

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## बालविकास केन्द्रको सर्भेक्षण फारम

बालविकास केन्द्रको नाम :

| क्र.सं. | विवरण | छ | छैन | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भवन | | | | | |
| २ | कक्षाकोठा | | | | | |
| ३ | भण्डार कोठा | | | | | |
| ४ | डेक्स बेञ्च | | | | | |
| ५ | कार्पेट, गुन्द्री | | | | | |
| ६ | कालोपाटी | | | | | |
| ७ | पिङ | | | | | |
| ८ | चिप्लेटी | | | | | |
| ९ | चाकाचुली | | | | | |
| १० | खेलमैदान | | | | | |
| ११ | वगैंचा | | | | | |
| १२ | शौचालय | | | | | |
| १३ | पानीको व्यवस्था | | | | | |
| १४ | दराज | | | | | |

# अनुसूची ११

## प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

**सहयोगी कार्यकर्ताको अवस्था (लिङ्ग, योग्यता, तालिम, अनुभव वर्ष र पारिश्रमिक)**

| क्र सं. | बालविकास केन्द्रको नाम | सहयोगी कार्यकर्ताको नाम | लिङ्ग | योग्यता | तालिम | अनुभव, वर्ष | पारिश्रमिक रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची १२

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## सहयोगी कार्यकर्ताका लागि अन्तर्वार्ता प्रश्नावली

१. विद्यालय केन्द्रको नाम :- . . . . . . . . . . . . . . . . . . .

२. सहयोगी कार्यकर्ताको नाम :- . . . . . . . . . . . . . . . . . . .

३. शैक्षिक योग्यता :- . . . . . . . .    ४. लिङ्ग :- . . . . . . .

५. शिक्षण अनुभव :- . . . . . . .    ६. तालिमको नाम र अवधि :- . . . . . . . . .

७. बालबालिकाहरुलाई कस्ता कस्ता क्रियाकलापहरु गराउनुहुन्छ ?

(क) . . . . . . . . . . . . . . . .

(ख) . . . . . . . . . . . . . . . . . . . . . . .

(ग) . . . . . . . . . . . . . . .

(घ) . . . . . . . . . . . . . . . . . . . . . . .

८. तपाईंले गराउने क्रियाकलापमा कस्ता कस्ता विधिको प्रयोग गर्नुहुन्छ ?

(क) . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(ख) . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(ग) . . . . . . . . . . . . . . . . . . . . . . . . . .

९. बालविकास कक्षामा के-कस्ता सामग्री उपलब्ध छन् ? ती सामग्रीको स्रोत समेत उल्लेख गर्नुहोस् ।

| सामग्री | स्रोत |
|---|---|
| (क) . . . . . . . . . . . . . . . . . . . | . . . . . . . . . . . . . . . . . . . |
| (ख) . . . . . . . . . . . . . . . . . . . | . . . . . . . . . . . . . . . . . . . |
| (ग) . . . . . . . . . . . . . . . . . . . | . . . . . . . . . . . . . . . . . . . |
| (घ) . . . . . . . . . . . . . . . . . . . | . . . . . . . . . . . . . . . . . . . |

१०. तपाईं सरसफाइ सम्बन्धी कस्ता कस्ता क्रियाकलाप गराउनु हुन्छ ? ती क्रियाकलापमा प्रयोग गरिने सामग्री समेत उल्लेख गर्नुहोस् ।

| क्रियाकलाप | प्रयोग गरिने सामग्री |
|---|---|
| क. . . . . . . . . . . . . . . . . . . . | क. . . . . . . . . . . . . . . . . . . . |
| ख. . . . . . . . . . . . . . . . . . . . | ख. . . . . . . . . . . . . . . . . . . . |
| ग. . . . . . . . . . . . . . . . . . . . | ग. . . . . . . . . . . . . . . . . . . . |
| घ. . . . . . . . . . . . . . . . . . . . | घ. . . . . . . . . . . . . . . . . . . . |
| ङ. . . . . . . . . . . . . . . . . . . . | ङ. . . . . . . . . . . . . . . . . . . |
| च. . . . . . . . . . . . . . . . . . . . | च. . . . . . . . . . . . . . . . . . . . |

११. तपाईंको पारिश्रमिक कति छ ? त्यसमा सन्तुष्ट हुनुहुन्छ ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

१२. प्रारम्भिक बालविकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के-के सुझाव दिनुहुन्छ ?

(क) . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(ख) . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(ग) . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(घ) . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(ङ) . . . . . . . . . . . . . . . . . . . . . . . . . .

# अनुसूची १३

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली

नाम थर : . . . . . . . . . . . . . . . . . . . . . . . .

विद्यालय : . . . . . . . . . . . .. . . . .. . . . .. . . . .. .

१. तपाईंले पढाउने कक्षा १ मा कस्ता कस्ता शैक्षिक पृष्ठभूमिका बालबालिका आउँछन् ?

(क) सोझै कक्षा १ मा भर्ना हुने

(ख) निजी विद्यालयबाट

(ग) बालविकासबाट

२. बाल शिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिकाहरु बीच केही फरक पाउनु भएको छ ? पाउनु भएको छ भने सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीपमा को उपयुक्त छन् ?

(क) खासै फरक छैन

(ख) अवसर अप्राप्तको राम्रो छ

(ग) अवसर प्राप्तको राम्रो छ

३. तपाईंले पढाउने कक्षामा सामाजिक व्यवहारका सीपहरु - अरुलाई आदर गर्ने, सानालाई माया गर्ने, मिलेर बस्ने जस्ता सीपमा खास गरी को बढी सक्रिय छन् ?

(क) बाल शिक्षाको अवसर प्राप्त सक्रिय छन्

(ख) बाल शिक्षाको अवसर अप्राप्त सक्रिय छन्

(ग) दुवै बराबर सक्रिय छन्

४. तपाईंले पढाउने कक्षामा कक्षाकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्यमा खास गरी कसको बढी सहभागिता छ ?

(क) अवसर प्राप्त बालबालिकाहरु

(ख) अवसर अप्राप्त बालबालिकाहरु

(ग) दुवै बराबर

(घ) दुवै कम मात्रामा सहभागी हुन्छन्

५. के तपाईं बालविकास कार्यक्रमप्रति सन्तुष्ट हुनुहुन्छ ?

. . . . . . . . . . . . . . . . . . . . .

६. बालविकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के सुझाव दिनुहुन्छ ?

(क) . . . . . . . . . . . . . . . . . . .

(ख) . . . . . . . . . . . . . . . . . . .

(ग) . . . . . . . . . . . . . . . . . . .

# अनुसूची १४

# प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

## अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

नाम थर :- . . . . . . . . . . . . . . . . . . . . . .

पेशा :- . . . . . . . . . . . . . .

ठेगाना :- . . . . . . . . . . . . . . . . . . . .

१. तपाईंका कति जना छोरा छोरी छन् ?

. . . . . . . . . . . .

२. तपाईंका कति जना छोरा छोरी विद्यालय जान्छन् ?

. . . . . . . . . . . .

३. तपाईंले आफ्नो नानीलाई किन बालविकास कक्षामा पठाउनु भयो ?

(क) घरको काममा अल्झाउँछ भनेर

(ख) विद्यालयको अनुरोधमा

(ग) पढ्न लेख्न बानी बसाल्न

४. तपाईंको नानीको विद्यालय जाने प्रवृत्ति कस्तो छ ?

(क) नियमित रुपमा खुशी भएर जान्छ

(ख) फकाएर फुल्याएर पठाउनु पर्छ

(ग) दिन बिराएर जान्छ

५. तपाईंको नानी व्यक्तिगत सरसफाइ हातमुख धुने, दाँत माझ्ने, खानु अघि हात धुने, चर्पीको प्रयोग पछि हात धुने जस्ता क्रियाकलाप कत्तिको गर्ने गर्छन् ?

(क) स्वतस्फूर्त नियमित गर्छ

(ख) दैनिक सम्झाउनु अह्राउनु पर्छ

(ग) कहिले काहीं मात्र गर्छ

६. तपाईंको नानीले फुर्सदमा गर्ने क्रियाकलापहरु के के हुन् ? (√ लगाउनुहोस्)

| | |
|---|---|
| क. खेल्ने | |
| ख. गीत गाउने | |
| ग. नाच्ने | |
| घ. चित्र बनाउने | |
| ङ. अभिनय गर्ने | |

७. तपाईंको नानीले पढेको बालविकास कक्षाको पठनपाठनमा तपाईं सन्तुष्ट हुनुहुन्छ ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . .

८. तपाईंले अभिभावक शिक्षा पाउनु भएको छ ? पाउनु भएको भए कार्यक्रम सञ्चालन गर्ने निकाय कुन हो ?

(क) गा. वि. स.

(ख) विद्यालय

(ग) अन्य

(घ) पाएको छैन

९. बालविकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के सुझाव दिनुहुन्छ ?

(क) . . . . . . . . . . . . . . . . . . .

(ख) . . . . . . . . . . . . . . . . . . .

(ग) . . . . . . . . . . . . . . . . . . .

# अनुसूची १५

## प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन

### छलफल निर्देशिका (स. का., शिक्षक र अभिभावकका लागि)

१. प्रारम्भिक बालविकास कार्यक्रमको आवश्यकता किन ?

२. प्रारम्भिक बालविकास कार्यक्रमको योगदान के छ ?

३. कक्षाकोठाको अवस्था ?

४. फर्निचरको उपलब्धता र उपयुक्तता कस्तो छ ?

५. खेलमैदान र बगैंचाको अवस्था कस्तो छ ?

६. शैक्षिक सामग्री, खेल सामग्रीको उपलब्धता कस्तो छ ? पर्याप्त ? अपर्याप्त ?

७. स. का. लाई तालिम पुग ? अपुग ?

८. कार्यक्रम सञ्चालनमा आर्थिक समस्या के छ ?

९. निरीक्षण र अनुगमनको अवस्था के छ ?

१०. सुझाव ?